# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३१७ | काठमाडौं | मंगलबार, ०३ चैत २०८२ | Prabhab National Daily | Tuesday, 17 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**मौसमसम्बन्धी सही सूचना प्राप्त गरौं, सुरक्षित भविष्य निर्माण गरौं ।**

- मौसम तथा जलवायुसम्बन्धी सूचना लिने र दिने गरौं,
- मौसम पूर्वानुमानको जानकारी नियमितरूपमा लिऔं,
- प्राकृतिक विपद् जोखिम न्यूनीकरणमा सचेत बनौं,
- जलवायु परिवर्तनका असर घटाउन सामूहिक प्रयास गरौं,
- वन संरक्षण र वृक्षारोपणमा सक्रिय सहभागिता जनाऔं,
- ऊर्जा बचत र स्वच्छ ऊर्जाको प्रयोग बढाऔं,
- वातावरण प्रदूषण नियन्त्रणमा जिम्मेवार बनौं ।

वातावरण संरक्षण गरौं, जीवन रक्षा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## हारको समीक्षा तयारीमा कांग्रेस




- निर्वाचनको मुखैमा विशेष महाधिवेशन भएकै कारण कांग्रेसको शर्मनाक हार भएको कांग्रेस पूर्वसंस्थापन पक्षका नेता मीन विश्वकर्माको दाबी
- सभापति थापा पक्षको तर्क– पूर्वसंस्थापनले नसघाउँदा र अन्तर्घात गर्दा चुनावमा नसोचेको परिणाम

■ प्रभाव संवाददाता

**काठमाडौं–** फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा नेपाली कांग्रेस प्रत्यक्षमा १८ सिटमा खुम्चिएको छ । समानुपातिकमा २० सिट पाएको कांग्रेस अबको सदनमा ३८ सिटसहित प्रमुख प्रतिपक्षी बन्ने निश्चित भएको छ ।

अघिल्लो निर्वाचनमा ८९ सिट जितेर पहिलो दल बने पनि कांग्रेसले सरकारको नेतृत्व गर्न पाएन । यसपटक विशेष महाधिवेशनमार्फत गगन थापा सभापति बनेसँगै कांग्रेस चुनावमा होमिएको थियो । 'अबकी बार, गगन सरकार' नारा घन्काएर सभापति गगन थापालाई प्रधानमन्त्रीको उम्मेदवार बनाएर चुनावमा उत्रेको कांग्रेसका सबै पदाधिकारी र अधिकांश केन्द्रीय सदस्य पराजित बने ।

योसँगै कांग्रेस हारको समीक्षाको पर्खाइमा छ । कांग्रेसले यही हप्ता हारको समीक्षाका लागि केन्द्रीय समितिको बैठक डाक्ने तयारी गरेको कांग्रेस सहमहामन्त्री योगेन्द्र चौधरीले बताए । 'आइतबार बसेको केन्द्रीय कार्यसम्पादन बैठकमा समानुपातिक सूची फाइनलबारेमात्र छलफल भयो । निर्वाचन परिणामबारे छलफल गर्न यसै हप्ता केन्द्रीय समितिको बैठक बोलाउने तयारी छ,' सहमहामन्त्री चौधरीले भने ।

२०७४ को निर्वाचनमा समानुपातिक र प्रत्यक्ष गरी ६३ सिट जितेको कांग्रेसको यसपटक सर्वाधिक कमजोर नतिजा आएको छ । निर्वाचनको मुखैमा विशेष महाधिवेशन भएकै कारण कांग्रेसको शर्मनाक हार भएको बताउँछन् कांग्रेस नेता मीन विश्वकर्मा । 'निर्वाचनको मुखैमा विशेष महाधिवेशन भयो । कांग्रेस लथालिंग भएकै कारण यस्तो भएकै परिणाम निर्वाचनमा देखियो,' विश्वकर्माले भने ।

यता गगन नेतृत्वको कांग्रेसले भने पूर्वसंस्थापनले नसघाउँदा र अन्तर्घात गर्दा चुनावमा सोचेको परिणाम नआएको दाबी गरेको छ । यद्यपि, पार्टीको आधिकारिक धारणा छलफलपछिमात्र तय हुने प्रवक्ता देवराज चालिसे बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

## प्रतिनिधिसभामा ४० वर्षमुनिका सांसदको बाहुल्यता

- २५ देखि ७८ वर्ष उमेरसम्मका सांसदहरूको प्रतिनिधित्व
- ४० वर्षमुनिका सांसद १०२ जना
- ४१ देखि ५० वर्ष उमेर समूहका सांसद ८८ जना
- सबैभन्दा पाका उमेरका सांसद नेपाली कांग्रेसका अर्जुननरसिंह केसी

■ प्रभाव संवाददाता


**काठमाडौं–** निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीमार्फत छ वटा दलबाट निर्वाचित प्रतिनिधिसभा सदस्यहरूको नाम घोषणा गरेको छ । आयोगले सोमबार समानुपातिक सूचीबाट प्रतिनिधिसभामा सहभागी हुने ११० जनाको नाम सार्वजनिक गरेको हो । यससँगै प्रतिनिधिसभाको कूल २७५ सदस्यको टुंगो लागेको छ ।

फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रत्यक्षतर्फ १६५ जना निर्वाचित भइसकेका छन् । जसमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट १२५, नेपाली कांग्रेसबाट १८, नेकपा एमालेबाट नौ, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट आठ, श्रम संस्कृति पार्टीबाट तीन, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट एक र स्वतन्त्र एक जना रहेका छन् । समानुपातिकतर्फ रास्वपाले ५७, कांग्रेसले २०, एमालेले १६, नेकपाले नौ, श्रम संस्कृतिले चार र राप्रपाले चार सिट पाएको छ ।

यसपटक संसद्मा २५ देखि ७८ वर्ष उमेरसम्मका सांसदहरूको प्रतिनिधित्व हुने भएको छ । आयोगले सार्वजनिक गरेको सूचीअनुसार आगामी संसद्मा ४० वर्षमुनिका सांसदहरूको बाहुल्यता रहने देखिन्छ । उक्त उमेर समूहबाट सबैभन्दा धेरै १०२ जना सांसद निर्वाचित भएका छन् । यो भनेको कूल सांसद संख्याको ३७ प्रतिशत हो । जसमा ३० वर्षमुनिका २६ जना र ३१ देखि ४० वर्ष उमेर समूहका ७६ जना रहेका छन् ।

उमेर समूहअन्तर्गत सबैभन्दा बढी ४१ वर्षदेखि ५० वर्ष उमेर समूहका सदस्यहरू देखिने भएका छन् । यो समूहमा ८८ जना सांसद हुने भएका छन् ।

क्रमशः पृष्ठ २ मा



उमेर समूहका आधारमा प्रतिनिधिसभामा सांसदहरूको प्रतिनिधित्व

### कांग्रेस नेता केसीले पहिलो बैठकको अध्यक्षता गर्ने



प्रतिनिधिसभाको पहिलो बैठकको अध्यक्षता नेपाली कांग्रेसका अर्जुननरसिंह केसीले गर्ने भएका छन् । ज्येष्ठ सदस्यका नाताले पहिलो बैठकको अध्यक्षता केसीले गर्ने भएका हुन् ।

प्रत्यक्ष र समानुपातिकतर्फबाट निर्वाचित २७५ सदस्यमध्ये केसी सबैभन्दा ज्येष्ठ हुन् । ७८ वर्षीय केसी समानुपातिकतर्फबाट निर्वाचित भएका हुन् ।

क्रमशः पृष्ठ २ मा

### कुन उमेर समूहमा को-को ?

**२५ देखि ३० उमेर समूह**

- **प्रशान्त उप्रेती**, २५ वर्ष, मकवानपुर-२, रास्वपा
- **मनिष खनाल**, २६ वर्ष, नवलपरासी २, रास्वपा
- **सुलभ खरेल**, २८ वर्ष, रूपन्देही २, रास्वपा
- **निशा डाँगी**, २९ वर्ष, झापा १, रास्वपा
- **सस्मित पोखरेल**, २९ वर्ष, काठमाडौं-५, रास्वपा
- **आरेन राई**, २९ वर्ष, खोटाङ, श्रम संस्कृति
- **रामजी यादव**, ३० वर्ष, सप्तरी २, रास्वपा
- **शिवशंकर यादव**, ३० वर्ष, सिराहा २, रास्वपा
- **रञ्जु दर्शना**, ३० वर्ष, काठमाडौं-१, रास्वपा
- **सोविता गौतम**, ३० वर्ष, चितवन ३, रास्वपा
- **केपी खनाल**, २६ वर्ष, कैलाली २, रास्वपा
- **बब्लु गुप्ता**, २८ वर्ष, सिराह १
- **श्रद्धा कुँवर क्षेत्री**, २७ वर्ष, रास्वपा, समानुपातिक
- **रुवी कुमारी**, २५ वर्ष, श्रम संस्कृति पार्टी, समानुपातिक
- **सीता वादी**, ३० वर्ष, रास्वपा, समानुपातिक
- **स्मृति सेन्चुरी**, २६ वर्ष, रास्वपा, समानुपातिक
- **खिमा विक**, २७ वर्ष, रास्वपा, समानुपातिक
- **अंकिता ठाकुर**, ३० वर्ष, रास्वपा, समानुपातिक

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

पश्चिम एसियामा द्वन्द्वको कहर

## छुट्टीमा आएकाहरू फर्किन पाएनन्, रोजगारी गुम्ने चिन्ता

■ ममता थापा

**काठमाडौं–** विगत १८ दिनदेखि जारी पश्चिम एसियाको द्वन्द्वले वैदेशिक रोजगार क्षेत्र प्रभावित भएको छ । खाडी राष्ट्रमा कार्यरत नेपाली श्रमशक्ति त्रासकाबीच काम गर्न बाध्य छन् भने रोजगारीका लागि जाने तयारी गरिरहेकाहरू अलपत्र परेका छन् ।

इरानमाथि इजरायल र संयुक्त राज्य अमेरिकाले हमला गरेपछि खाडी राष्ट्रहरूसम्म युद्ध फैलिएपछि त्यस क्षेत्रमा कार्यरत श्रमिकहरू प्रभावित बनेका हुन् । हाल पश्चिम एसियाका १२ मुलुकका लागि श्रम स्वीकृति, मागपत्र प्रमाणीकरणलगायत कार्य स्थगित गरिएको छ । यसले छुट्टी सकेर फर्कनुपर्ने तथा भर्खरै जाने तयारी गरिरहेकाहरू अन्योलमा परेका छन् । खाडी क्षेत्रमा श्रमिकका रूपमा गएकाहरू मात्रै होइनन्, आफ्नै व्यवसाय चलाइरहेका नेपालीहरू पनि युद्धको प्रभावमा परेका छन् ।

नेपालगञ्जकी चन्द्रा तामाङ कुवेतमा ब्युटी पार्लर सञ्चालन गर्छिन् । स्वास्थ्य उपचारका लागि आएकी तामाङले मार्च ८ तारिखको टिकट लिएकी थिइन् । तर जानेहरूको उडान रद्द हुँदा उनी अलपत्र परेकी छन् । 'पहिला पार्लर चलाएको घर पुरानो भएर सरकारले भत्काउने भयो अनि नयाँ घरमा सामान सारेर एक महिनाको रेण्ट तिरेर उपचार गरेर फर्किहाल्छु भनेर आएको थिएँ,' उनले भनिन्, 'अब कहिले खुल्छ अत्तोपत्तो छैन । नेपाली दुई लाख रूपैयाँ भाडा छ । लामो समय यस्तै भयो भने त आम्दानी नभई त्यत्रो भाडामात्र कसरी तिर्नु ?'



छुट्टीमा आएकाहरूले जाने वातावरण मिलाइदिन सरकार गुहार्न थालेका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा यस्ता युवाहरू पुग्न थालेको एक अधिकारीले बताए । 'जान खोज्नेहरू हामीलाई श्रम स्वीकृति दिनपर्‍यो । छुट्टी सकियो । जागिर गयो भने परिवारको बिजोग हुन्छ भन्दै दैनिक पाँच-सात जना आउन थालेका छन्,' ती अधिकारीले भने ।

नेपालबाट श्रम स्वीकृति नवीकरण गरेर रोजगारीमा जानेहरूको संख्या पनि लाखौं छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा तीन लाख ३३ हजार ३०९ जना श्रम स्वीकृति नवीकरण गरेर रोजगारीमा गएका थिए । जसमध्ये दुई लाख ६९ हजार ३४३ जना खाडीका छ वटा मुलुकमा गएको वैदेशिक रोजगार विभागको तथ्यांक छ । प्रत्येक महिना औसतमा २२ हजारभन्दा बढी कामदार पुनः श्रम स्वीकृति लिएर खाडी मुलुक जाने गरेको देखिन्छ ।

### निशानामा युएई

नेपालमा भएकाहरू बेरोजगारीको पीडाले द्वन्द्व साम्य नभएको अवस्थामा पनि जान पाए हुन्थ्यो भनिरहँदा खाडीमा भएकाहरू ज्यान जोखिममा राखेर त्रासमा काम गर्न बाध्य छन् । इरानले कम्तीमा पनि ११ वटा मुलुकमा आक्रमण गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । जसमध्ये प्रमुख निशानामा युएई परेको बुझिन्छ । इरानले युद्ध सुरु भएयता खाडी मुलुकमा दुई हजार वटा मिसाइल र ड्रोन हमला गर्दा युएईमामात्र एक हजार ८०० वटा आक्रमण गरेको अल जजिराले उल्लेख गरेको छ ।

युएईमा सबैभन्दा धेरै सात लाख नेपाली कार्यरत रहेको सरकारी तथ्यांक छ । इरानले अमेरिकी बेस क्याम्प भएका क्षेत्रमामात्र आक्रमण गरिएको दाबी गरे पनि युएईका अपार्टमेन्ट, दुबईको आर्थिक केन्द्र लगायतमासमेत आक्रमण गरेको छ । सोमबारमात्रै दुबई अन्तर्राष्ट्रिय विमानस्थलमा ड्रोन आक्रमण गरेको छ ।

क्रमशः पृष्ठ २ मा

एनआरएनए विश्व सम्मेलनको घोषणापत्र

## लगानी, श्रमिक सुरक्षा र संस्थागत एकतामा जोड

- फागुन ३० गते सुरू भएको विश्व सम्मेलन निर्विरोध नयाँ नेतृत्व चयन गर्दै सोमबार सकियो
- संघको अध्यक्षमा डा. हेमराज शर्मा निर्विरोध निर्वाचित
- एनआरएनएलाई 'रिब्राण्डिङ' गर्दै पुस्तौंसम्म जोड्ने नवनिर्वाचित अध्यक्ष शर्माको प्रतिबद्धता




■ प्रभाव संवाददाता

**काठमाडौं–** गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२औं विश्व सम्मेलन तथा बृहत् अन्तर्राष्ट्रिय एकता महाधिवेशन १२ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ । 'हाम्रो एकता, समृद्धिको आधार' भन्ने मूल नारासहित फागुन ३० गते काठमाडौंमा सुरु भएको सम्मेलन सोमबार सकिएको हो । सम्मेलनबाट संघको अध्यक्षमा डा. हेमराज शर्मा सर्वसम्मत चयन भएका छन् ।

सम्मेलनले नेपालको विकासमा प्रवासी नेपालीको लगानी, श्रमिक अधिकार र संस्थागत एकतालाई प्राथमिकतामा राख्दै १२ बुँदे घोषणापत्र जारी गरेको छ ।

क्रमशः पृष्ठ ५ मा

### विकास र समृद्धिको यात्रामा सहभागी हुन प्रधानमन्त्री कार्कीको आह्वान



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री सुशीला कार्कीले वैदेशिक लगानीलाई उत्पादनमूलक क्षेत्रमा आकर्षित गर्ने र गैरआवासीय नेपालीहरूको पुँजीलाई सुरक्षित र पारदर्शी रूपमा परिचालन गर्ने नीति सरकारको प्राथमिकतामा रहेको बताएकी छन् । त्यसका लागि दीर्घकालीन लगानी संरचना निर्माण गर्ने सरकारको नीति रहेको उनको भनाइ थियो ।

काठमाडौंमा आयोजित गैरआवासीय नेपाली संघ (एनआरएनए)को १२ औं महाधिवेशन तथा विश्व सम्मेलनको समापन समारोहमा सोमबार प्रधानमन्त्री कार्कीले विश्वभर फैलिएका नेपालीहरू नेपालको सद्भावना दूत रहेको उल्लेख गर्दै उनीहरूको योगदानको प्रशंसा गरिन् ।

क्रमशः पृष्ठ ५ मा

जिप्रका काठमाडौंको निरीक्षणमा प्रधानमन्त्री

# सार्वजनिक सेवामा गर्न सकिने सुधारको नमूना भएको दाबी



**काठमाडौं (प्रस)–** प्रधानमन्त्री सुशीला कार्कीले आफ्नो कार्यकालमा जिल्ला प्रशासन कार्यालय काठमाडौंमार्फत सार्वजनिक सेवामा गर्न सकिने सुधारको नमूना प्रस्तुत गरेको बताएकी छन् । सोमबार जिल्ला प्रशासन कार्यालय काठमाडौंमा 'सार्वजनिक सम्बोधन प्रणाली' (पब्लिक अनाउन्समेन्ट सिस्टम) को निरीक्षण गरेपछि सार्वजनिक सञ्जाल फेसबुकमा लेख्दै उनले यस्तो बताएकी हुन् ।

'ठूलो सुधारको सुरुआत सानो पहलबाट हुन्छ । छ महिने छोटो कार्यकालमा देशैभरिका अड्डाको सुधार गर्न सकेनौं । तर काठमाडौं जिल्ला प्रशासन कार्यालय सार्वजनिक सेवामा गर्न सकिने सुधारको एक नमूना हो,' प्रधानमन्त्री कार्कीले लेखेकी छन्, 'समय तोकेर दिने टोकनमा आधारित सेवा प्रणालीले गुनासो शून्य भएको जानकारी पाउँदा खुसी लाग्यो ।' उनले काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेल र कार्यालय परिवारलाई धन्यवादसमेत दिएकी छन् ।

कार्यालयमा सोमबार प्रधानमन्त्री कार्कीले सुशासन प्रवर्द्धनका लागि सुरु भएको सेवा प्रवाहको मोडेल 'पास'सहितको समग्र प्रणाली र कार्यालय व्यवस्थापनको निरीक्षण गरेकी हुन् । निरीक्षणमा गृहमन्त्री ओमप्रकाश अर्याललगायत विशिष्ट पदाधिकारीहरू सहभागी थिए ।

कार्यालयले सेवा प्रवाहलाई थप व्यवस्थित, पारदर्शी र जनमैत्री बनाउन सार्वजनिक सम्बोधन/घोषणा प्रणालीसहितको नयाँ सेवा मोडेल सुरु गरेको जनाएको छ । सो प्रणालीको अवलोकन तथा निरीक्षणका क्रममा प्रधानमन्त्री कार्कीसँगका अन्य सरकारी निकायमा उक्त प्रणाली विस्तार गर्न अनुरोध गरिएको प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिए । उक्त प्रणाली लागू भएको करिब तीन महिनाको अवधिमा सेवाग्राहीबाट कुनै गुनासो नआएको र सेवाग्राही सन्तुष्टि बढेको उनले बताए ।

'सेवा प्रवाहलाई सुशासनमुखी, जवाफदेही र पारदर्शी बनाउन नयाँ मोडेल लागू गरिएको हो । जेन-जी आन्दोलनपछि उठेका सुशासन र पारदर्शिताका आवाजलाई सम्बोधन गर्ने उद्देश्यले यो प्रणाली विकास गरिएको हो । यसबाट बिचौलियाको भूमिकालाई कम गर्न मद्दत पुगेको छ,' उनले भने, 'कार्यालयको भुइँतलादेखि प्रत्येक तलासम्म 'स्पिकर' जडान गरी सेवाग्राहीलाई आवश्यक सूचना, निर्देशन तथा सेवासम्बन्धी जानकारी दिने व्यवस्था मिलाइएको छ । डिजिटल प्रविधिको प्रयोग गरिएको छ ।'

नागरिकता तथा राष्ट्रिय परिचयपत्रसम्बन्धी केन्द्रीय डेटाबेस सर्भरमा देखिने समस्याका कारण सेवाग्राहीलाई केही ढिलाइ हुने गरेको भन्दै प्रजिअ पौडेलले गृह मन्त्रालयलाई समन्वय गरिएको बताए । कार्यालयमा बिहान ९:४५ बजे सेवा सुरु हुनुअघि स्वचालितरूपमा आवाजमार्फत सन्देश प्रसारण गर्ने व्यवस्था गरिएको छ । त्यसपछि राष्ट्रिय गान बजाएरमात्र सेवा सुरु गर्ने अभ्याससमेत गरिएको छ । दिउँसो खाजा समयअघि सेवाग्राहीलाई जानकारी दिन १०-१० मिनेटको अन्तरालमा सूचना सन्देश प्रसारण गर्ने व्यवस्था गरिएको कार्यालयले जनाएको छ ।

# बञ्चरेडाँडामा लैजाने फोहोरको मात्रा घटाउँदै कामपा



**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले बञ्चरेडाँडामा लैजाने फोहोरको मात्रा घटाउने उद्देश्यका साथ छुट्टै सुक्खा फोहोर व्यवस्थापन कार्य सुरु गरेको छ । यसका लागि महानगरपालिकाले १० वडाबाट छुट्टै सुक्खा फोहोर व्यवस्थापनको कार्य सुरु गर्न थालेको छ ।

यसरी सुक्खा फोहोर व्यवस्थापनको कार्य सुरु भएसँगै काठमाडौं उपत्यकाबाट ल्याण्डफिल साइटमा दैनिक करिब ३.१९ मेट्रिक टन कम फोहोर व्यवस्थापन हुन थालेको महानगरपालिकाको वातावरण व्यवस्थापन विभागकी प्रमुख सरिता राईले जानकारी दिइन् । महानगरपालिकाले ३२ वटै वडाबाट घरेलु फोहोरसँगै उत्पादन हुने सुक्खा फोहोर बिक्री गर्न आफ्नो भौगोलिक क्षेत्रलाई सात क्षेत्रमा वर्गीकरण गरेर छुट्टाछुट्टै प्रतिस्पर्धाबाट करसहित वार्षिक छ करोड आठ लाख ७२ हजार रूपैयाँमा आय ठेक्का लगाएको उनले बताइन् ।

अहिले महानगरपालिका-७, १२, १८, १९, २०, २१, २२, २३, २४, २५ र २७ वडाबाट सुक्खा फोहोर व्यवस्थापनको कार्य सुरु गरिएको छ । हरेक क्षेत्रमा एक-एकवटा फोहोरमैला स्थानान्तरण केन्द्र राखेर सुक्खा फोहोर व्यवस्थापन केन्द्रसमेत राखिएको छ । आय ठेक्का कार्यविधि २०७९ बमोजिम प्रतिस्पर्धीमध्येबाट क्षेत्र नं १ का लागि नेप्सेम्याक सेवा प्रालि छानिएको छ । यस क्षेत्रमा वडा नम्बर २, ३, ४, ५ र ७ पर्छन् ।

क्षेत्र नम्बर २ मा प्राक्टिकल वेस्ट सोलुसन प्रालि छनोटमा परेको छ । यसमा वडा नम्बर १, ११, २८, २९ र ३० पर्छन् । क्षेत्र नम्बर ३ मा क्रियटिभ सरसफाइ प्रालिले वार्षिक ५५ लाख ३५ हजार रूपैयाँ आय ठेक्का कबोल गरेको छ । यस क्षेत्रमा वडा नम्बर ६, ८ र ९ पर्छन् ।

क्षेत्र नम्बर ४ मा मेची पोली इण्डस्ट्रीले एक करोड १५ लाख चार हजार रूपैयाँ कबोल गरेको छ । यसमा वडा नम्बर १६, १७ र २६ पर्छन् । वडा नम्बर १३, १४ र १५ समेटेर क्षेत्र नम्बर ५ मा तोकिएको छ । क्षेत्रका लागि नेपाल ऊर्जा विकास कम्पनीले जिम्मा लिएको छ । वडा नम्बर १०, ३१ र ३२ समेटेर क्षेत्र नम्बर ६ तोकिएको छ । यस क्षेत्रमा पोली वेस्ट म्यानेजमेन्टले जिम्मा पाएको छ ।

# एक करोड १६ लाख नगदसहित समातिए दुई जना हुण्डी कारोबारी

**काठमाडौं (प्रस)–** नेपाल प्रहरीले एक करोड १६ लाख रूपैयाँसहित दुई हुण्डी कारोबारीलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले नागार्जुन नगरपालिका-८ भीमढुंगाबाट हुण्डीको रकमसहित भीमढुंगाकै सागर गिरी र प्रमोदप्रसाद धितालालाई पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो ।

परिसरका प्रवक्ता प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले अभौतिक मुद्राको कारोबार गरिरहेको सूचनाको आधारमा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिए । पक्राउ परेकासँग तीन थान चेकबुक, विभिन्न व्यक्तिको नाममा काटेको २७ लाख ३० हजार रूपैयाँको चेक, विभिन्न बैंकका एटिएम चार थान, नागरिकता एक थान, चारपांग्रे सवारीसाधन दुई थान, दुईपांग्रे सवारीसाधन एक थान, सवारी दर्ता किताब तीन थान बरामद गरिएको उनले बताए ।

यसैगरी, विभिन्न कम्पनीका मोबाइल छ थान, एनसेल, एनटिसीको सिम ३१ थान, कम्प्युटर एक थान बरामद गरिएको छ । पक्राउ परेका दुवै जनालाई जिल्ला अदालत काठमाडौंबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता भट्टराईले जानकारी दिए ।


## Jagadulla Rural Municipality

Office Of Rural Municipal Executive
Karnali Province
Jagadulla, Dolpa

**Letter of Intent**

**Date of Publication: 2082/12/03 (17th March 2026)**

This is notify (as per section 27 (2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contracts as per, IFB No: 5-2082/83 published on Prakshepan National Daily published on 2082/09/07, to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N. | Contract ID No. | Name Of Project | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount With VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1. | JRM/NCB/ W-5/2082-83 | Rimi 5 Bed Hospital Construction Work | Swostika/Om Jaya Durge/ Today J/V, Dolpa | 67335017.61 |

**Acting Chief Officer**



## फाल्गुनन्द गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

फाक्तेप, पाँचथर
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति: २०८२।१२।०३**

यस कार्यालयको मितिः २०८२।१०।१५ गते पहिलो पटक प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरू मध्ये मूल्याङ्कन समितिबाट निम्न बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाता र अन्य सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक भ्याट सहित | कैफियत |
|---|---|---|---|---|---|
| १. | PRMW/NCB/ 04/2082/83 | Construction of water supply project ward no-07 works. | Singer Nirman Sewa pvt.ltd., panchthar | 82,99,464.58 NPR | |



## एनएमबि बैंक लिमिटेड बबरमहलको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८२।१२।०३ को प्रभाव राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८२।१२।१० मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ । तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं । प्रचलित कानूनको अधिनमा रही बैकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ । गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १००।- तिरी खरिद गर्न सकिनेछ ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरण :**

**१. ऋणीको नामः अटायर ट्रेड लिंक** **कर्जा शिर्षकः** क्यास क्रेडिट
(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा दर्ता रहेको), दर्ता नं.: ३-३५-३८२-१५६९१३/२०७७/७८, दर्ता मितिः २०७७/०९/०१, स्थायी लेखा नं.: ६१४६४७२६८, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ३१, नयाँ बानेश्वर ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**कृतिका खड्काः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३०-०१-७५-०२०३७(२०७५/०२/२४/काभ्रेपलाञ्चोक), बाजेको नामः चक्र बहादुर खड्का, बाबुको नामः केदार खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ ।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. रसिला थापा खड्काः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३०-०१-७६-०५०३५(२०७६/०४/३१/काभ्रेपलाञ्चोक), बाबुको नामः रण बहादुर थापा, ससुराको नामः चक्र बहादुर खड्का, पतिको नामः केदार खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ ।
**ख. केदार खड्काः** ना.प्र.प.नं (जारी मिति/स्थान): २४१५/८७५(२०४५/०२/२८/काभ्रेपलाञ्चोक), बाजेको नामः देव बहादुर खड्का, बाबुको नामः चक्र बहादुर खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, चलाल गणेशस्थान गा.वि.स. वडा नं. ६ परिवर्तित काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ ।

**२. ऋणीको नामः रसिला थापा खड्का** **कर्जा शिर्षकः** आवास कर्जा
ना.प्र.प.नं (जारी मिति/स्थान): ३०-०१-७६-०५०३५(२०७६/०४/३१/काभ्रेपलाञ्चोक), बाबुको नामः रण बहादुर थापा, ससुराको नामः चक्र बहादुर खड्का, पतिको नामः केदार खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ ।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. कृतिका खड्काः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३०-०१-७५-०२०३७(२०७५/०२/२४/काभ्रेपलाञ्चोक), बाजेको नामः चक्र बहादुर खड्का, बाबुको नामः केदार खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ ।
**ख. केदार खड्काः** ना.प्र.प.नं (जारी मिति/स्थान): २४१५/८७५(२०४५/०२/२८/काभ्रेपलाञ्चोक), बाजेको नामः देव बहादुर खड्का, बाबुको नामः चक्र बहादुर खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, चलाल गणेशस्थान गा.वि.स. वडा नं. ६ परिवर्तित काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ ।
**ग. कृष्टिना खड्काः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३०३०५०/७९(२०७०/०२/२३/काभ्रेपलाञ्चोक), बाजेको नामः चक्र बहादुर खड्का, बाबुको नामः केदार खड्का, ठेगानाः काभ्रेपलाञ्चोक जिल्ला, चलाल गणेशस्थान गा.वि.स. वडा नं. ६ परिवर्तित काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४।

**माथि उल्लेखित दुई ऋणीहरुको लिलाम हुने धितोको विवरणः**
रण बहादुर थापाको छोरी, चक्र बहादुर खड्काको बुहारी, केदार खड्काको पत्नी, काभ्रेपलाञ्चोक जिल्ला, बेथानचोक गा.पा., वडा नं. ४ बस्ने **रसिला थापा खड्का**को नाममा मालपोत कार्यालय मनमैजु, काठमाडौंको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला, तारकेश्वर न.पा., वडा नं. १६ स्थित कि.न. ११२ को क्षेत्रफल २३६.१७ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**३. ऋणीको नामः लिस्टी माई इन्टरप्राइजेज प्रा. लि.** **कर्जा शिर्षकः** डिमाण्ड कर्जा र क्यास क्रेडिट
(नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: १८९५७९/७४/०७५, दर्ता मितिः २०७५-०२-०३, स्थायी लेखा नं.: ६०६७०८८१८, ठेगानाः भक्तपुर जिल्ला, सुर्यविनायक न.पा. वडा नं. ०६ ।

**संचालक तथा व्यक्तिगत जमानतकर्ताः**
**डम्बर बहादुर श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): २४ ३१०/७०९०४ (२०५१/१०/१९/सिन्धुपाल्चोक), बाजेको नामः ध्वज वीर श्रेष्ठ, बाबुको नामः नर बहादुर श्रेष्ठ, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, तौथली गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, चांगुनारायण न.पा. वडा नं. ३ ।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. अलैची श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): २४३०१८/६६७ (२०६३/११/२२/सिन्धुपाल्चोक), बाबुको नामः भिम ब. श्रेष्ठ, ससुराको नामः नर बहादुर श्रेष्ठ, पतिको नामः डम्बर बहादुर श्रेष्ठ, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, तौथली गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, चांगुनारायण न.पा. वडा नं. ३ ।
**ख. विकास श्रेष्ठः** ना.प्र.प.नं (जारी मिति/स्थान): २४१०१८/२४४ (२०६९/०१/०५/सिन्धुपाल्चोक), बाजेको नामः नर बहादुर श्रेष्ठ, बाबुको नामः डम्बर बहादुर श्रेष्ठ, ठेगानाः सिन्धुपाल्चोक जिल्ला, तौथली गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, चांगुनारायण न.पा. वडा नं. ३ ।

**लिलाम हुने धितोको विवरणः**
ध्वज वीर श्रेष्ठको नाति, नर बहादुर श्रेष्ठको छोरा, सिन्धुपाल्चोक जिल्ला, तौथली गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल भक्तपुर जिल्ला, चांगुनारायण न.पा. वडा नं. ३ बस्ने **डम्बर बहादुर श्रेष्ठ**को नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला, टिकाथली गा.वि.स./न.पा. वडा नं. ६, नक्सा सीट नं. १०२१२६९२१ स्थित कि.न. १०५४ र १०५५ को क्षेत्रफल क्रमशः १०१.४३ र ९७.०३ व.मि. को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank, The Netherlands | Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### विकास खर्चको कछुवा गति

चालु आर्थिक वर्षको आठ महिना (फागुन मसान्त) बितिसक्दा पनि मुलुकको विकास खर्चको अवस्था निकै निराशाजनक देखिएको छ । महालेखा नियन्त्रक कार्यालयको तथ्यांकले सरकारको पुँजीगत खर्च गर्ने क्षमतामा गम्भीर प्रश्न उठाएको छ । चालु आर्थिक वर्षमा चार खर्ब सात अर्ब ८८ करोड रूपैयाँ पुँजीगत खर्च गर्ने लक्ष्य राखेको सरकारले फागुन मसान्तसम्ममा मात्र १९.२४ प्रतिशत खर्च गर्नुले विकास निर्माणका कार्यहरू ठप्प प्रायः रहेको र सरकारी संयन्त्र सुस्त भएको प्रमाणित गर्छ ।

बजेट निर्माणका बेला ठूला सपना बाँड्ने तर कार्यान्वयनको तहमा पुग्दा 'कछुवा गति' देखाउने प्रवृत्ति नेपाली अर्थतन्त्रको पुरानो ऐंजरु हो । चालु खर्चतर्फ ५४ प्रतिशतभन्दा बढी रकम सकिँदा विकासतर्फ २० प्रतिशत पनि पुग्न नसक्नुले राज्यको स्रोत परिचालनको असन्तुलित चरित्र उदांगो पारेको छ । एकातिर कर्मचारीको तलब, भत्ता र प्रशासनिक कार्यमा राज्यको ढुकुटी रित्तिँदै जाने, अर्कोतिर सडक, पुल, सिँचाइ र जलविद्युत्‌जस्ता दीर्घकालीन महत्त्वका परियोजनामा रकम खर्च नहुने अवस्थाले मुलुकलाई आर्थिक मन्दीको दुष्चक्रमा फसाउँछ ।

विकास खर्च नहुनुको अर्थ केवल पूर्वाधार नबन्नुमात्र होइन, यसले बजारमा तरलता (नगद प्रवाह) को अभाव सिर्जना गर्छ । जबसम्म सरकारले पुँजीगत बजेट खर्च गर्दैन, तबसम्म निजी क्षेत्रले पनि काम पाउँदैन र बजारमा माग सिर्जना हुँदैन । यसले अन्ततः रोजगारी सिर्जनामा बाधा पुऱ्याउँछ र युवा जनशक्ति पलायन हुने क्रमलाई थप प्रश्रय दिन्छ ।

अहिलेको अर्को चिन्ताको विषय राजस्व संकलन पनि हो । लक्ष्यको ५० प्रतिशत हाराहारीमात्र राजस्व उठ्नु र वैदेशिक अनुदानको अवस्था झन् दयनीय हुनुले सरकारलाई स्रोत जुटाउन हम्मेहम्मे परेको देखिन्छ । यस्तोमा खर्च गर्ने क्षमतामा सुधार नआउँदा असार मसान्तमा बजेट सक्ने उद्देश्यले हतारहतार गरिने 'असारे विकास'को पुनरावृत्ति हुने निश्चित छ, जसले कामको गुणस्तर घटाउने र भ्रष्टाचार बढाउने काममात्र गर्छ ।

अतः अब बन्ने सरकारले अब केवल तथ्यांक हेरेर बस्ने भन्दा पनि संरचनात्मक सुधारमा जोड दिनुपर्छ । ठेक्का प्रक्रियामा रहेका कानुनी जटिलता फुकाउने, आयोजना प्रमुखलाई जवाफदेही बनाउने र अन्तरमन्त्रालय समन्वयलाई प्रभावकारी बनाउनु आजको आवश्यकता हो । आर्थिक वर्षको अन्तिम समयमा आएर गरिने खर्चले अर्थतन्त्रलाई गति दिन सक्दैन । सरकारले अबका बाँकी महिनालाई 'युद्धस्तर'मा काम गर्ने समयका रूपमा लिई पुँजीगत खर्चलाई तीव्रता दिनैपर्छ । नत्र, कागजमा बजेट जतिसुकै ठूलो देखिए पनि आमनागरिकको जीवनस्तरमा यसले कुनै सकारात्मक परिवर्तन ल्याउने छैन ।

# खाडी संकट र नेपालको अर्थतन्त्र



❑ मोहनकुमार दाहाल

"खाडी क्षेत्रमा बढ्दो सामरिक तनाव नेपालका लागि गम्भीर चेतावनी हो । यसले देखाएको छ कि नेपालको अर्थतन्त्र कति हदसम्म वैदेशिक रोजगारी र रेमिट्यान्समा निर्भर छ । यदि समयमै उत्पादनमुखी, आत्मनिर्भर र विविधीकृत अर्थतन्त्रको दिशा अपनाएन भने, बाह्य विश्वका साना राजनीतिक झिल्काहरूले पनि राष्ट्रिय आर्थिक स्थिरता गम्भीररूपमा प्रभावित गर्न सक्छन् । खाडी क्षेत्रको अस्थिरता केवल दूरको भूराजनीतिक घटनामात्र होइन; यो नेपाली श्रमिकहरूको भविष्य, लाखौं परिवारहरूको जीवनस्तर र समग्र राष्ट्रिय अर्थतन्त्रसँग प्रत्यक्षरूपमा जोडिएको संवेदनशील मुद्दा हो ।

विश्व राजनीतिमा केही भौगोलिक क्षेत्रहरू यस्ता छन्, जसले केवल आफ्नो क्षेत्रीय शक्ति सन्तुलनमात्र होइन, सम्पूर्ण विश्व अर्थतन्त्र, ऊर्जा आपूर्ति र अन्तर्राष्ट्रिय सम्बन्धको दिशालाई समेत प्रभावित गर्ने क्षमता राख्छन् । मध्यपूर्व अर्थात् खाडी क्षेत्र त्यस्तै रणनीतिक महत्त्व बोकेको भूभाग हो । ऊर्जा स्रोत, अन्तर्राष्ट्रिय व्यापार मार्ग, समुद्री र हवाई सञ्चार तथा महाशक्ति प्रतिस्पर्धाको केन्द्रका रूपमा रहेको यो क्षेत्र दशकौंदेखि विश्व राजनीतिको संवेदनशील केन्द्र रहँदै आएको छ ।

पछिल्ला समयहरूमा खाडी क्षेत्रमा तीव्ररूपमा बढ्दो सामरिक तनावले केवल क्षेत्रीय शान्ति र सुरक्षामात्र होइन, अन्तर्राष्ट्रिय आर्थिक प्रणाली र आप्रवासी श्रमिकहरूको जीवनमा पनि प्रत्यक्ष प्रभाव पारिरहेको छ । विशेषगरी इरान र अमेरिका-इजरायलबीचको द्वन्द्व, क्षेत्रीय शक्तिहरूको प्रतिस्पर्धा र सैन्य गतिविधिहरूले साउदी अरब, संयुक्त अरब इमिरेट्स (युएई), कतार, कुवेत, ओमान र बहराइनजस्ता राष्ट्रहरूको सुरक्षा वातावरण थप संवेदनशील बनाएको छ ।

नेपालजस्तो देशका लागि यो केवल अन्तर्राष्ट्रिय राजनीतिक घटनामात्र होइन । यसको प्रत्यक्ष असर नेपाली अर्थतन्त्र, श्रमबजार र सामाजिक संरचनामासमेत पर्न सक्छ । खाडी क्षेत्रमा कार्यरत लाखौं नेपाली श्रमिकहरूको भविष्य, उनीहरूका परिवारको जीवनस्तर र राष्ट्रिय अर्थतन्त्र यहाँको अस्थिरतासँग प्रत्यक्ष रूपमा जोडिएको छ ।

## खाडी क्षेत्रमा नेपाली श्रमिकको उपस्थिति र योगदान

खाडी क्षेत्रमा नेपाली श्रमिकहरूको उपस्थिति अत्यन्त व्यापक र रणनीतिक महत्त्व बोकेको छ । अनुमानित तथ्यांकअनुसार साउदी अरबमा करिब पाँच लाख नेपाली श्रमिक कार्यरत छन्, जुन सबैभन्दा ठूलो गन्तव्य मानिन्छ । त्यसपछि संयुक्त अरब इमिरेट्स र कतारमा क्रमशः करिब चार-चार लाख नेपाली विभिन्न निर्माण परियोजना, सेवा क्षेत्र, घरेलु कामकाज, उद्योग र ऊर्जा परियोजनामा संलग्न छन् । कुवेतमा एक लाखभन्दा बढी, बहराइनमा करिब ३० हजार र ओमानमा करिब २५ हजार नेपाली श्रमिक रोजगारमा छन् ।

यी तथ्यांकहरूले स्पष्ट देखाउँछन् कि खाडी क्षेत्र नेपालका लागि केवल रोजगारको गन्तव्य होइन, राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड बनिसकेको छ । नेपाली श्रमिकहरूको श्रम र उनीहरूले पठाएको विप्रेषणले ग्रामीण र सहरी नेपाल दुवैको आर्थिक चक्र चलाइरहेको छ । घर निर्माण, साना व्यवसाय, कृषि लगानी र बालबालिकाको शिक्षाजस्ता गतिविधिहरूमा वैदेशिक आम्दानीको महत्त्वपूर्ण भूमिका छ ।

नेपालको अर्थतन्त्रमा रेमिटचान्सको योगदान अत्यन्त महत्त्वपूर्ण छ । उपलब्ध तथ्यांकअनुसार नेपालको कूल गार्हस्थ उत्पादन (जिडिपी) मा रेमिटचान्सले करिब २५-२६ प्रतिशत योगदान पुऱ्याउँछ, जुन विश्वमै उच्च अनुपातमा पर्ने आँकडा हो । विदेशी मुद्रा आम्दानीमा रेमिटचान्सको हिस्सा ५० प्रतिशतभन्दा बढी छ । अझ महत्त्वपूर्ण कुरा के हो भने नेपालमा आउने कूल रेमिटचान्सको लगभग आधा हिस्सा केवल खाडी क्षेत्रबाट प्राप्त हुन्छ । यसले खाडी क्षेत्रको स्थिरता र नेपाली श्रमिकहरूको योगदान नेपालको अर्थतन्त्रसँग कति गहिरो रूपमा जोडिएको छ भन्ने कुरा स्पष्ट देखाउँछ ।

## जोखिममा नेपाली श्रमिक

बढ्दो सामरिक तनावले सबैभन्दा ठूलो जोखिम नेपाली श्रमिकहरूलाई पारेको छ । युद्ध वा सैन्य गतिविधि बढेमा औद्योगिक परियोजना, ऊर्जा पूर्वाधार र बन्दरगाहहरू प्रमुख लक्ष्य बन्न सक्छन् ।

विशेषगरी कुवेतको अहमदी तेल प्रशोधन केन्द्र, युएईको जाबेल अली बन्दरगाह र साउदी अरबको आरामको तेल उत्पादन क्षेत्र अत्यन्त संवेदनशील मानिन्छन् । यी क्षेत्रमा हजारौं विदेशी श्रमिक कार्यरत छन्, जसमा नेपालीहरूको संख्या उल्लेखनीय छ । यदि तनाव बढ्यो भने कार्यरत श्रमिकहरू प्रत्यक्ष जोखिममा पर्न सक्छन् । हालै युएईमा भएको आक्रमणमा एक नेपालीको मृत्यु र अन्य घाइते हुनु यस जोखिमको स्पष्ट संकेत हो ।

म्यानपावर उद्योगमा सम्भावित संकट

नेपालको वैदेशिक रोजगारी व्यवस्थापन प्रणालीमा म्यानपावर कम्पनीहरूले महत्त्वपूर्ण भूमिका खेलेका छन् । यी संस्थाहरू श्रमिक र विदेशी रोजगारदाता कम्पनीबीचको पुलको काम गर्छन् । हाल दर्ता भएर सञ्चालनमा रहेका म्यानपावर कम्पनी ९०० भन्दा बढी छन् । यी कम्पनीहरूमा २० हजारभन्दा बढी प्रत्यक्ष रोजगारीमा जोडिएका छन् । अप्रत्यक्ष रोजगारी (मेडिकल, ट्राभल, प्रशिक्षण) दशौं हजार छन् ।

खाडी क्षेत्रमा दीर्घकालीन अस्थिरता उत्पन्न भएमा नयाँ श्रमिक माग घट्ने सम्भावना छ । यसले म्यानपावर कम्पनीहरूको आम्दानीमा गिरावट, कर्मचारी कटौती र उद्योगमा आर्थिक दबाब निम्त्याउन सक्छ । यससँगै स्वास्थ्य, अभिमुखीकरण, ट्राभल र भाषा प्रशिक्षणजस्ता सहायक व्यवसाय पनि प्रभावित हुन सक्छन् ।

## रेमिट्यान्स र राष्ट्रिय अर्थतन्त्रमा प्रभाव

रेमिटचान्स नेपालको अर्थतन्त्रको मुख्य आधार हो । खाडी क्षेत्रमा उत्पन्न तनावले यसमा ठूलो प्रभाव पार्न सक्छ । सम्भावित आर्थिक असरहरूमा विदेशी मुद्रा सञ्चितिमा कमी, आयात क्षमतामा गिरावट, मुद्रास्फीति वृद्धि र आर्थिक वृद्धिदरमा मन्दीलगायत हुन् । मध्यपूर्व विश्वको प्रमुख तेल उत्पादक क्षेत्र भएकाले त्यहाँको अस्थिरताले कच्चा तेलको मूल्यवृद्धि गराउँछ, जसले नेपालमा ढुवानी र उपभोग्य वस्तुको मूल्यमा प्रत्यक्ष असर पार्ने छ ।

## ग्रामीण अर्थतन्त्रमा प्रभाव

नेपालका धेरै ग्रामीण क्षेत्रको आर्थिक गतिविधि वैदेशिक आम्दानीमा आधारित छ । रेमिटचान्सको अभावले घर निर्माण, शिक्षा, स्वास्थ्य सेवा, कृषि लगानी र साना व्यवसायमा सुस्तता आउन सक्छ । यदि वैदेशिक आम्दानी घट्यो भने ग्रामीण आर्थिक चक्र ठप्प हुनसक्छ, जसले स्थानीय बजार र सेवा क्षेत्रमासमेत व्यापक असर पार्ने छ । बेरोजगारी र सामाजिक असन्तोष बढ्ने सम्भावना पनि उच्च छ ।

## नीतिगत सुझाव

नेपाल सरकारले दीर्घकालीनरूपमा निम्न रणनीति अपनाउन आवश्यक छः

१. आपत्‌कालीन सुरक्षा योजनाः खाडी क्षेत्रमा रहेका नेपालीहरूको सुरक्षाका लागि प्रभावकारी उद्धार र बचाउ योजना ।
२. बजार विविधीकरणः वैदेशिक रोजगारीलाई खाडीमामात्र निर्भर नबनाई युरोप, पूर्वी एसिया र अन्य सुरक्षित गन्तव्यमा श्रम सम्बन्ध विस्तार ।
३. पुनः एकीकरण कार्यक्रमः स्वदेश फर्किने श्रमिकहरूको सीप र अनुभवलाई कृषि, पूर्वाधार, ऊर्जा र पर्यटन क्षेत्रमा उपयोग गर्ने कार्यक्रम ।
४. सीप विकासः उत्पादनमुखी अर्थतन्त्रमा श्रमिकहरूको दक्षता उपयोग गरी राष्ट्रिय विकासमा योगदान सुनिश्चित गर्ने ।
५. उत्पादनमुखी अर्थतन्त्रः रेमिटचान्समा अत्यधिक निर्भरता घटाएर आन्तरिक उत्पादन र रोजगारी सिर्जना गर्ने नीति ।

## निष्कर्ष

खाडी क्षेत्रमा बढ्दो सामरिक तनाव नेपालका लागि गम्भीर चेतावनी हो । यसले देखाएको छ कि नेपालको अर्थतन्त्र कति हदसम्म वैदेशिक रोजगारी र रेमिटचान्समा निर्भर छ । यदि समयमै उत्पादनमुखी, आत्मनिर्भर र विविधीकृत अर्थतन्त्रको दिशा अपनाएन भने, बाहच विश्वका साना राजनीतिक झिल्काहरूले पनि राष्ट्रिय आर्थिक स्थिरता गम्भीररूपमा प्रभावित गर्न सक्छन् ।

खाडी क्षेत्रको अस्थिरता केवल दूरको भूराजनीतिक घटनामात्र होइन; यो नेपाली श्रमिकहरूको भविष्य, लाखौं परिवारहरूको जीवनस्तर र समग्र राष्ट्रिय अर्थतन्त्रसँग प्रत्यक्षरूपमा जोडिएको संवेदनशील मुद्दा हो । यसलाई गम्भीरताका साथ सम्बोधन गर्नु आजको नेपालको प्रमुख राष्ट्रिय आवश्यकता हो ।

*(लेखक एक्टिभ ओभरसिज प्रालि/याना म्यानेजमेन्ट एण्ड सर्भिसेज प्रालिका पूर्वकार्यकारी प्रमुख हुन्)*

## श्रम सरोकार

### निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्ः

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्रायः काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको टयाग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।




✍ बैकुण्ठ भण्डारी



## आदर्शको नाममा कलंक !

*'आमा म त फर्केर आएँ,*
*खरानीबाट उठेर आएँ'*

आजकल निकै रेडियोदेखि युटचुबसम्ममा पनि बज्छ यो गीत । पुलिसका हाकिमले लेखेको यो गीत वास्तवमा भन्ने हो भने निकै मर्मस्पर्शी छ । नेपो बेबी, भ्रष्टाचारको विरोध र सुशासनका लागि युवा पुस्ताले गरेको आन्दोलनमा देशैभरीका अधिकांश प्रहरी चौकीमात्र खरानी भएनन्, सिंहदरबार, सर्वोच्च अदालतदेखि धेरै महत्त्वपूर्ण भवनहरू पनि खरानी भए ।

उता प्रधानमन्त्रीनिवासदेखि राष्ट्रपति भवनसम्म अनि पूर्वप्रधानमन्त्रीदेखि रिस उठेका व्यापारीसम्मका भवन पनि खरानी भए । कसैको लहडमा खरानी भयो । अनि कसैले खोजी-खोजी नै खरानी भयो । जनताको सुरक्षामा खटिएको प्रहरीलाई त कपडा फुकालेर अपराधीझैं हात उठाएरै लेखेटियो । त्यही भएर पनि होला पुलिसका हाकिमले आफ्नै बेदनालाई शब्दमार्फत गीतमा उतारे । तर बोली र व्यवहारमा फरक भयो भने त्यो महापाप हुन सक्छ । कुरा आदर्शका गर्ने अनि काम भने ढोंगीका जस्तो गर्दा के होला ?

युवा पुस्ताले गरेको आन्दोलनले नेपाल आमालाई 'आमा'ले नै संरक्षण गर्नुपर्ने अवस्थामा पुग्यो । त्यही भएर होला पुलिसका हाकिमले पनि आमालाई नै सम्बोधन गर्दै खरानीबाट उठेर आएको भन्दै सुनाए । सुन्नेले सुनेको कुरा मनन् गर्दै आफ्नो जीवनबाट नै सुरु गरे कस्तो राम्रो हुन्थ्यो भन्छन्, हाम्रा नारद मामा । तर त्यसो हुँदै हुँदो रहेन छ । कुरा एकतिर, काम अर्कोतिर । नपत्याए चुनाउ नै हेरे भैगो नि !

आमाऽऽमा निकटतम प्रतिद्वन्द्वी रे ! तीन गुणा बढी मत ल्याउने पनि निकटतम हुन्छ ? त्यो अधिकतम प्रतिद्वन्द्वी भन्नुपर्ने होइन ? त्यस्सै निकटतम भनेर उल्लु बनाउँछन् क्या ! ह्वाँ आमाले त आदर्शलाई नवयुवराज बनाइदिसक्नुभो ! कुरा पो आदर्शको गर्ने त । कुरै आदर्शको गरेपछि काम पनि आदर्शकै गर्नु परो नि !

विचरा, ह्वाँ पुलिसका हाकिमले गीत लेखेजस्तै गरी 'आमा मलाई अध्यक्ष बनाइदेऊ' भनेपछि बनाइदिनु परेन ? जसले जे माग्यो त्यही दिने हो । सत्ता र शक्ति भनेको कहाँ छाड्न सकिन्छ र ? बात कर्ता है । आफ्नो नियुक्तिको सिफारिसको नाम आफैंले पढेर ओमजी त एकछिन भक्कानिनु भो ! अनि किन त्यसरी भक्कानिनुभाको ? भनेर पिउसाले सोधेको रे !

अनि बूढाले के बुझे कुन्नि, विश्वमा नभएको दुर्लभ कुरा गरेपछि भक्कानिनु परेन त ? भन्दै थिए ओमजी । भक्कानिनुसम्म त ठीकै थियो, मान्छेलाई बेहोसै बनाइदिएर पो बर्बाद भाको छ ।

खासका कुरा के हो भने अरुले गर्दा पो 'नेपो बेबी' हुन्छ त ? आफ्नालाई गर्दा त कामको मूल्यांकन भन्दा के भो त ? विचरा, आदर्श बाबुले यो छ महिना कम्ती काम गर्नु भाको छ ! बिहानदेखि बेलुकासम्म छाडेको छैन । श्रीमती अनि आफ्नो मान्छेलाई भटाभट नियुक्ति दिलाइदिएको छ । अनि जाँदा जाँदै जाबो एउटा अध्यक्ष पद मागेपछि आदर्श छाड्नु भयो त ? त्यसलाई त सम्हालेर नै राख्नुपऱ्यो त । त्यही भएर पाँच वर्षका लागि सम्हाल्न पो दिएको त ।

उहाँ भावी प्रधानमन्त्रीलेसमेत 'गरिखान दे सरकार, म सराप होइन' भन्दै गीत गाका थिए । अनि विचरो त्यो आदर्शलाई चै बेरोजगार बनाउने ? गरिखान दिनु परेन ? अब 'गरि खा बाबु' भनेर दिँदा पनि कति किचलो कति ? उहाँ आइजिपीले पनि थर्काउने ! बाऽबाऽ सचिवहरूले काम नै गर्न नदिने । अनि कसरी बन्छ नेपाल ?

त्यही भएर आमैले भन्नुभाको अरे, ओमलाई राष्ट्रिय सभामा योगदान । आदर्शलाई प्राकृतिक स्रोततिर उपदान ! अब नयाँबाट पनि डराउनु पर्दैन, पुरानाबाट पनि अत्तिनुपर्ने छैन अरे ! मेरी आमै नि त ! के हो के कुरा बुझ्नै गाह्रो ।

आमैले पनि जाँदाजाँदै आदर्श नामक कलंकचाहिँ इतिहासमा नै रच्नुभयो के ! इतिहास नै रचेकी महिला प्रधानमन्त्री । हरेक पाइलापाइलामा इतिहास रचेकी मान्छे जाँदाजाँदै अर्को कलंकको इतिहास रच्दाँ कतिलाई टाउको दुखाइ भएको क्या ! राम्रालाई भन्दा पनि हाम्रालाई छान्ने भन्ने नीति त भदौ २७ बाटै सुरु भाको हो नि ।

फचाट-फचाट मन्त्री बनाइदिएको छ । तिमी जे सुकै गर तर मन्त्रीचाहिँ बन भनेर बनाएको । अनि तिमी जे सुकै गर सांसदचाहिँ बन भन्दै निर्वाचित गराएर आदर्श सरकार निर्माण गर्न खोजेको होइन ? त्यसकारण फेरि अर्को कविता कसैले कोर्छ भने अब आमाका लागिमात्र होइन बाका लागि पनि कोर... !

आमाले आदर्श त्याग्न सक्नु भएन ।

दफा दफामा सेतोलाई कालो अनि कालोलाई सेतो भन्न जान्ने ओमलाई त्यसै राष्ट्रिय सभा सदस्य बनाइदिएको छ ? त्यो त त्यो बजियाहरूले बुज्नुपर्ने नि ! कोही कोटबाट बनेका छन्, कोही नोटबाट बनेका छन् ! कोही भोटबाट पनि बनेका छन् । सबैलाई नालक नायक भन्यो भने त महाधोका हुन्छ । त्यो धोका दिन काम अरुका लागि गरे पनि आमाको आर्दशका लागि त्यो कुरा लागू हुँदै हुँदैन ।

कलियुगमा राम खोजेर कहाँ पाइन्छ र कहिलेकाहीँ त रावण पनि पुज्यनीय हुन्छ नि ! कसैले रामलाई पुज्छन्, कसैले रावणलाई । सबैको आ-आफ्नै आदर्श हो । त्यही भएर आमालाई आदर्शका नाममा कलंक बनाउने पो हो कि ?

सारसको रोजाइमा लुम्बिनी

# स्थानीयको संरक्षणले फस्टाउँदै प्रजननस्थल



**भैरहवा (रूपन्देही)–** बिहानको शान्त वातावरणमा लुम्बिनी आसपासका सिमसार क्षेत्रमा कहिलेकाही सुनिने गहिरो स्वरले यहाँको प्रकृतिलाई अझै जीवन्त बनाइदिन्छ । त्यो स्वर हो । प्रेम, निष्ठा र शान्तिको प्रतीक मानिने लोपोन्मुख पन्छी सारसको ।

विश्वकै प्राचीन चरामध्ये एक मानिने सारसका लागि लुम्बिनी क्षेत्र अहिले सुरक्षित बासस्थानमात्र होइन, प्रजननका लागि उपयुक्त स्थलका रूपमा परिचित हुँदै गएको छ । स्थानीय बासिन्दाको सचेतना, लुम्बिनी सांस्कृतिक नगरपालिकाको सक्रियता र स्थानीय क्लबको सहकार्यले यहाँ सारस संरक्षण अभियानलाई नयाँ उचाइ दिएको छ ।

प्रकृतिको काखमा सुरक्षित महसुस गरेका सारस यतिबेला लुम्बिनी वरिपरि ढुक्क भएर सन्तान वृद्धिमा लागेका छन् । सिमसार क्षेत्रमा मानव चहलपहल कम हुने भएकाले यी स्थान सारसको रोजाइमा पर्ने गरेका छन् । प्रजननको समयमा जोडीमा बस्ने सारसले एक प्रजनन अवधिमा प्रायः दुईवटा अण्डा पार्ने गर्छ । वर्षा ऋतुको समयमा करिब ३० देखि ३२ दिनसम्म ओथारो बसेपछि चल्ला कोरलिन्छन् । चल्ला पाँचदेखि छ महिनासम्म माउसँगै बस्ने गर्छन् । यही अवधिमा आमा-बुबाले आहारा खोज्ने र जीवनयापन गर्ने तरिका सिकाउँछन् ।

सारस संरक्षणकर्मी अर्जुन कुर्मीका अनुसार सारसका बच्चा दैनिक करिब एक इञ्चको दरले हुर्कने गर्छन् । 'बच्चा केही हुर्किएपछि सारसको जोडीले नाचेर आफ्नो व्यवहार देखाउँछन् । त्यो नृत्य चल्लालाई सिकाउँछन्,' उनी भन्छन् ।

सारसको जीवनचक्रमा रोचक पक्ष छन् । ओथारो बसेको समयमा भाले सारसले टाढाबाट आहारा खोजेर ल्याउने गर्छ । बच्चा निस्केपछि आहारा खोज्न धेरै टाढा जान नपरोस् भनेर उसले नजिकको आहारा टिप्न छाड्ने गरेको बताइन्छ । गंगटो, भ्यागुता, माछा र केही विशेष घाँसका जरा सारसका प्रिय आहार हुन् ।

लुम्बिनी सांस्कृतिक नगरपालिका, गैडहवा गाउँपालिका हुँदै मर्चवार क्षेत्रसम्म अहिले सारसको प्रजनन गतिविधि देखिन थालेको छ । संरक्षणकर्मी कुर्मीका अनुसार अहिले नेपालमा ७०० जति सारस रहेका छन् । यीमध्ये लुम्बिनी आसपासमामात्रै करिब ८० प्रतिशतभन्दा बढी जोडी सारस रहेका छन् ।

लोपोन्मुख मानिने यस पन्छीको संरक्षणमा अहिले स्थानीय बासिन्दा सक्रिय रूपमा जुटेका छन् । लुम्बिनी सांस्कृतिक नगरपालिकाले सारसलाई 'नगर पन्छी' घोषणा गरेर संरक्षण अभियानलाई संस्थागत रूप दिएको छ । लुम्बिनी विकास कोषले सारसका लागि उपयुक्त क्षेत्र छुटचाएको छ । विश्व शान्ति स्तूपको उत्तरतर्फको भागलाई सारस संरक्षण क्षेत्र तोकिएको छ, जहाँ अहिले धेरै जोडी सारस देख्न सकिन्छ । यसबाहेक मर्चवार र लुम्बिनीको सीमा क्षेत्र भइ, बभनी, अजमालगायतका क्षेत्रमा ठूलो समूहमा सारसहरू रमाइरहेका हुन्छन् ।

सारस संरक्षणलाई पर्यटनसँग जोड्ने प्रयास भइरहेको छ । पर्यटकको बसाइ अवधि लम्ब्याउने उद्देश्यले शान्ति स्तूपपरिसरमा करिब दुई किलोमिटर पैदलमार्ग निर्माण गर्ने तथा चरा अध्ययन गर्न चाहनेका लागि वातावरणीय सिकाइ केन्द्र स्थापना गर्ने योजना लुम्बिनी विकास कोषले अघि सारेको छ ।

चराविद्का अनुसार विश्वमा पाइने १५ प्रजातिका सारसमध्ये नेपालमा चार प्रजाति भेटिन्छन् । लक्ष्मण सारस, कर्याङ-कुरुङ सारस, कालो टाउके सारस र सारस । अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ (आइयुसिएन)को रातो सूचीमा संवेदनशील प्रजातिका रूपमा राखिएका कालो टाउके सारस र सारस विश्वमै दुर्लभ पन्छी मानिन्छन् ।

सारस नेपालको पश्चिम तराईमा वर्षभरि पाइने रैथाने पन्छी हो । विगतमा यसको अण्डा र मासुको अवैध सिकार हुने गरेको भए पनि अहिले स्थानीयको सचेतनाले यस्तो गतिविधि धेरै हदसम्म नियन्त्रणमा आएको संरक्षणकर्मी कुर्मी बताउँछन् । *रासस*

# स्वरोजगारका लागि सीपमूलक तालिम सञ्चालन

**कञ्चनपुर–** स्वरोजगारमार्फत स्थानीयलाई आत्मनिर्भर बनाउने उद्देश्यले यहाँस्थित शुक्लाफाँटा नगरपालिकाले १३३ जनालाई सीपमूलक तालिम प्रदान गरेको छ ।

आर्थिकरूपमा विपन्न, दलित, जनजाति, महिला, अपांगता भएका व्यक्ति, सहिद परिवार, द्वन्द्वपीडित तथा विदेशबाट फर्केका व्यक्तिलाई लक्षित गरी नगरपालिकाले चालु आर्थिक वर्षमा लघु तथा घरेलु उद्योग प्रवर्द्धन कार्यक्रमअन्तर्गत सीपमूलक तालिम प्रदान गरेको हो ।

सो कार्यक्रमअन्तर्गत काष्ठकलासम्बन्धी २०, ग्यास चुलो मर्मतसम्बन्धी २०, गुन्द्री बनाउने २०, खेलौना बनाउने १३, अटो ड्राइभिङ २०, दुना-टपरी बनाउने २० र फुट मसाज (सुत्केरी स्याहार) सम्बन्धी २० जनाले तालिम लिएका छन् । तालिम लिएका व्यक्तिलाई व्यवसाय सञ्चालनमा सहयोग पुगोस् भन्ने उद्देश्यले आवश्यक सामग्री पनि अनुदानमा उपलब्ध गराइएको कार्यक्रमका उद्यम विकास सहजकर्ता धनबहादुर चौधरीले बताए ।

'तालिमसँगै आवश्यक सामग्री उपलब्ध गराएर लक्षित समूहका व्यक्तिलाई आत्मनिर्भर बनाउने प्रयास गरेका छौं,' उनले भने, 'तालिम लिएकामध्ये धेरैजना स्वरोजगारमा संलग्न भई व्यावसायिक गतिविधि सञ्चालन गरिरहेका छन् ।' तालिम लिएकामध्ये ३९ जनाले आफ्नै व्यवसाय सञ्चालन गर्न थालेका छन् ।

दुनाटपरी बनाउने तालिम लिएकी सरिता चौधरीले तालिमपछि दुनाटपरी उत्पादन गरी बजारमा बिक्री गरेर आम्दानी गर्न थालेको बताइन् । तालिम लिएर आधुनिक सिलाइ मेसिन अनुदानमा प्राप्त गरेका जगतबहादुर सिंहले गार्मेन्ट व्यवसाय विस्तार गर्न तालिमले सहयोग पुगेको बताए ।

तालिम लिनेमा १८ वर्ष देखि ५५ वर्ष समूहका छन् । जसमा धेरैजसो महिला छन् । नगरपालिकाका प्रवक्ता लालबहादुर ऐरले 'हातहातमा सीप र घरघरमा रोजगारी' पुऱ्याउने उद्देश्यले तालिम सञ्चालन गरिएको जानकारी दिए । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### लगानी...

घोषणापत्रमा विश्वभर छरिएका नेपाली समुदायलाई नेपालको समृद्धि, विकास तथा विश्वव्यापीरूपमा रहेका नेपालीको हित प्रवर्द्धनका लागि एकताबद्ध भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

सम्मेलनले नेपालमा गैरआवासीय नेपालीहरूको लगानी भित्र्याउन कानुनी तथा नीतिगत सुधार गर्दै सहज वातावरण बनाउन सरकारसँग आग्रह गरेको छ । सम्मेलनले रोजगारी सिर्जना, उद्यमशीलता विकास तथा भौतिक पूर्वाधार निर्माणमा प्रवासी नेपालीको लगानीलाई प्रोत्साहन गर्ने प्रतिबद्धता जनाएको छ ।

घोषणापत्रमा गैरआवासीय नेपालीको लगानी व्यवस्थापनका लागि छुट्टै निकाय स्थापना, बैंक खाता खोल्ने र लगानी फिर्ता लैजान सहज व्यवस्था गर्न सम्बन्धित ऐन तथा नियमावली संशोधन गर्न सरकारसँग माग गरिएको छ । सम्मेलनले मध्यपूर्वको पछिल्लो अवस्थाप्रति चिन्ता व्यक्त गर्दै संकटमा परेका नेपालीको उद्धार, राहत र पुनःस्थापनामा नेपाल सरकार तथा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य सुदृढ गर्ने जनाएको छ ।

यसैगरी, विश्वका विभिन्न देशमा कार्यरत नेपाली श्रमिकहरूको सुरक्षा, अधिकार र सम्मानजनक रोजगारी सुनिश्चित गर्न सम्बन्धित देश, अन्तर्राष्ट्रिय संस्था तथा नेपाल सरकारसँग सहकार्य गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको छ । घोषणापत्रमा प्रवासमा जन्मिएका दोस्रो पुस्ताका युवालाई नेपाली भाषा, संस्कृति र इतिहाससँग जोड्न शिक्षा, सांस्कृतिक कार्यक्रम तथा डिजिटल माध्यममार्फत पहल गरिने उल्लेख छ ।

सम्मेलनले जलविद्युत्, कृषि, पर्यटन, सूचना प्रविधि तथा नवप्रवर्तनमूलक उद्योगमा गैरआवासीय नेपालीको लगानी प्रवर्द्धन गर्दै लगानीमैत्री वातावरण निर्माणका लागि नेपाल सरकारसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएको छ । यसैगरी, विश्वभर रहेका नेपालीहरूको ज्ञान, अनुभव र पुँजीलाई मातृभूमिसँग जोड्दै समृद्ध, समावेशी र आत्मनिर्भर नेपाल निर्माणमा योगदान गर्ने सामूहिक संकल्प पनि गरिएको छ ।

सम्मेलनमा चार हजार २८६ प्रतिनिधि सहभागी भएका थिए । तीमध्ये ४०० भन्दा बढी प्रतिनिधि काठमाडौंमा भौतिक र बाँकी प्रतिनिधि अनलाइनमार्फत सहभागी भएका आयोजकले जनाएको छ ।

■ ■ ■

### विकास र समृद्धिको...

उनले गैरआवासीय नेपालीहरूलाई नेपालको विकास र समृद्धिको यात्रामा सक्रियरूपमा सहभागी हुन आह्वान गर्दै विदेशमा सिकेको ज्ञान, सीप, अनुभव र पुँजीलाई मातृभूमिको विकासमा उपयोग गर्नुपर्नेमा जोड दिइन् ।

प्रधानमन्त्री कार्कीले हालै सम्पन्न महाधिवेशनबाट संगठनभित्र देखिएको विभाजन अन्त्य भई एउटै मञ्चमा एकता कायम हुनु सकारात्मक भएको बताइन् । उनले एकता र सहकार्यबाट मात्रै विश्वभर रहेका नेपालीहरूको साझा भावना बलियो बन्ने धारणा राखिन् ।

नेपालको संविधानले गैरआवासीय नेपालीलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसहितको नागरिकताको व्यवस्था गरेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले यसले प्रवासी नेपाली र मातृभूमिबीचको सम्बन्ध अझ सुदृढ बनाएको बताइन् । नवनिर्वाचित अध्यक्ष डा. हेमराज शर्मासहित संघको नयाँ कार्यसमितिलाई सफल कार्यकालको शुभकामना दिँदै उनले गैरआवासीय नेपालीहरूको योगदान आर्थिकमात्र नभई सामाजिक पुँजी निर्माणमा पनि महत्त्वपूर्ण हुने बताइन् । प्रधानमन्त्री कार्कीले नेपाललाई अवसरयुक्त र समृद्ध राष्ट्र बनाउन स्वदेश तथा विदेशमा रहेका सबै नेपालीहरूको सहकार्य, लगानी, ज्ञान र नवप्रवर्तन आवश्यक रहेको धारणा राखिन् ।

संघका कार्यकारी अध्यक्ष डा. बद्री केसीले एकता महाधिवेशनले विश्वभर रहेका करिब ८० लाख नेपालीलाई एकै सूत्रमा बाँध्ने काम गरेको बताएका छन् । संघको एकता महाधिवेशनको समापन समारोहमा उनले संघको इतिहासमा विभिन्न उतार-चढाव भए पनि छोटो समयमै संघ ९२ देशसम्म विस्तार भएको जानकारी दिए । पछिल्ला करिब छ वर्ष विभिन्न परिस्थितिका कारण चुनौतीपूर्ण बनेको र त्यस अवधिमा संगठन दुई भागमा विभाजित भएको उनले स्मरण गरे । डा. केसीले विभाजनभन्दा पनि एकताबाट अघि बढ्ने सोचका साथ सम्झौतापत्रमार्फत नेतृत्व हस्तान्तरण गरिएको उल्लेख गर्दै संघ पुनः एकताको सूत्रमा बाँधिएको बताए । 'हामीले फुटेर होइन, जुटेर अगाडि बढ्नुपर्छ भन्ने मान्यताका साथ एकताको मार्ग रोजेका हौं । सोहीअनुसार जिम्मेवारी हस्तान्तरण गरेका छौं,' उनले भने ।

संघको अध्यक्षमा निर्विरोध निर्वाचित डा. हेमराज शर्माले प्रवासी नेपालीको ज्ञान सीप र पुँजीलाई आर्थिक र सामाजिक विकासमा एकताबद्ध गर्ने उद्देश्यले एनआरएनएको स्थापना भएको र सबै प्रवासीलाई स्वदेशसँग जोड्ने काम गरेको बताए । आफूले एनआरएनएलाई 'रिब्राण्डिङ' गर्दै पुस्तौंसम्म जोड्ने प्रतिबद्धता गरेको बताए । 'संघलाई बलियो बनाउँदै आम गैरआवासीयलाई जोड्ने र समस्या केन्द्रित हुने निधो गरेको छु । संस्थाको पुनर्संरचना गर्ने, सम्पूर्ण पञ्जीकृत सदस्यले अनलाइनबाट समिति चयन गर्न सकिने व्यवस्था गरिने छ,' उनले भने ।

सुरक्षित र मर्यादित वैदेशिक रोजगारका लागि केन्द्रीय कार्यालयमा फोकल पर्सन राख्ने, श्रमिकका समस्याहरू रियल टाइम थाहा पाउन आर्टिफिसियल इन्टलीजेन्स प्रयोग गर्नेलगायत आफ्ना योजनाहरू उनले समारोहमा सुनाएका थिए ।


## ऋण चुक्ता तथा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ३५ दिने गोप्य शिलबन्दि बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०३**

यस संस्थाको तपसिलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागि यो ३५ दिने धितो लिलाम सम्बन्धमा सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक शर्त कबुलियतनामा बमोजिम तपाईले संस्थाको नाममा लेखाएर दिएको (दृष्टिबन्धक रोक्का) धितो लिलामीको प्रक्रिया अपनाएर धितो लिलामी गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गरिन्छ । साथै संस्थाको साँवा, व्याज र हर्जना असुलीको सिलसिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउदछौं । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचलित कानुन-बमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा धन जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण | धितोको बिवरण |
|---|---|---|---|
| १ | **नाम : सुक्रराज पुतुवार**<br>बुबा : सूर्य पुतुवार<br>बाजे : चन्द्र मान पुतुवार<br>ठेगाना : धर्मस्थली-०९, काठमाडौं | **नाम : सुर्य पुतुवार**<br>बुबा : चन्द्र मान पुतुवार<br>बाजे : सेते पुतुवार<br>ठेगाना : धर्मस्थली-०९, काठमाडौं | जितपुर-०३ काठमाडौं<br>नक्सा सिट नं. ३ ख कि.न. ३९० क्षेत्रफल: ०-१२-३-०,<br>नक्सा सिट नं. ३ ख कि.न. ६५२ क्षेत्रफल: ०-२-२-२,<br>नक्सा सिट नं. ३ ख कि.न. ६४९ क्षेत्रफल: ०-६-२-२ |

**लिलामी तालिका**

**मिति** : २०८३ बैशाख ०७ गते सोमबार
**स्थान** : संस्थाको कार्यालय
**समय** : बिहान ११:०० बजे दिउसो ३:०० बजे सम्म
**प्रतिनिधि उपस्थित हुने समय** : दिउसो ३:०० बजे

**धितो लिलामीका शर्तहरू:**

१. धितो लिलाम संस्थाले प्रकाशित गरेको ३५ दिने सार्वजनिक सुचना बमोजिम तोकिएको दिन हुनेछ । उक्त दिन सार्वजनिक विदा परेमा विदा परेको दोस्रो दिन गरिनेछ ।
२. लिलाम बिकी सकार गर्ने व्यक्तिले आफुले लिलाम सकार गर्ने रकमको १०% (दश) प्रतिशत रकम संस्थामा धरौटी स्वरूप अनिवार्य रूपमा दाखिला गर्नु पर्नेछ । दाखिला नगरेमा लिलाम सकार गरेको मानिने छैन ।
३. शर्त नं.२ बमोजिम दाखिला गरेको (दश) प्रतिशत रकम बाहेक बाँकी हुन आउने रकम लिलाम सकार भएको मितिले सात दिन भित्र संस्थाको बैंक खातामा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ तर उल्लेखित सात दिन भित्रमा बाँकी रकम दाखिला नगरेका शर्त नं.२ बमोजिम धरौटी बापत जम्मा गरेको रकम जफत भई लिलाम बिक्री सकार गरेका सम्पत्ति दा.खा. नामसारी गरिने छैन ।
४. लिलाम बिक्री सकार भएको सम्पत्ति सम्बन्धित मालपोत कार्यालयबाट दा.खा. नामसारी गर्न लाग्ने सम्पूर्ण खर्च तथा दस्तुर लिलाम सकार गर्ने व्यक्ति, संघ संस्थाले तिर्नु व्यहोर्नु पर्नेछ ।
५. कुनै विशेष कारणले तथा ऋणीले रकम चुक्ता गरेमा लिलाम स्थगित गर्ने अधिकार संस्थामा निहित हुनेछ ।
६. लिलाम बिक्रीको बारेमा विस्तृत जानकारी संस्थाबाट प्राप्त गर्न सकिनेछ ।

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
डिल्लीबजार, काठमाडौं, फोन: ०१-४४३५७७९, ०१-४४३४३२०
Email: savingbachan@gmail.com, Web: www.bachansaving.com



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मिति: २०८२/१२/०३**

यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, व्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालय : नारायणगढ**

**१. ऋणी फर्मको नाम र ठेगाना**

**ऋणीको नाम : न्यू राइनो श्रृगार सपिङ्ग सेन्टर**
ठेगाना : भरतपुर म.न.पा-०१, चितवन
रजिष्ट्रेसन नं. : १४८७/०७३/०७४ (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग,घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवन)
रजिष्ट्रेसन मिति : २०७४/०३/१५
पान नं. : ६००६०३४०७, आन्तरिक राजस्व कार्यलय भरतपुर ।

**फर्मको प्रोप्राइटरको नाम र ठेगाना**
श्री हेम्वीर श्रेष्ठ की बुहारी, श्री होम बहादुर गुरुङ की छोरी, श्री गम्बीर श्रेष्ठ की पत्नी, वागमती प्रदेश चितवन जिल्ला भरतपुर न.पा. वडा नं.०४ ,स्थाई ठेगाना भई हाल वागमती प्रदेश, ऐ. जिल्ला, ऐ म.न.पा.-०१, बस्ने श्रीमती **देव माया श्रेष्ठ** (ना.प्र.प.नं. ५०६०७, २०४५/०६/२७, जि.प्र.का. चितवन)

**जमानीकर्ताको नाम र ठेगाना**
श्री सम्मर बहादुर श्रेष्ठ को नाती, श्री हेम्वीर श्रेष्ठ को छोरा, श्रीमती देवमाया श्रेष्ठ को पति, चितवन जिल्ला भरतपुर न.पा. वडा नं.०४ ,स्थाई ठेगाना भई हाल वागमती प्रदेश, ऐ. जिल्ला, ऐ म.न.पा.-०१, बस्ने श्री **गम्बीर श्रेष्ठ** (ना.प्र.प.नं. ५६९२/६५३७, जारी मिति २०३९/१२/०९, जि.प्र.का. चितवन)

**२. ऋणीको नाम र ठेगाना**
श्री हेम्वीर श्रेष्ठ की बुहारी, श्री होम बहादुर गुरुङ की छोरी, श्री गम्बीर श्रेष्ठ की पत्नी, वागमती प्रदेश चितवन जिल्ला भरतपुर न.पा. वडा नं.०४ ,स्थाई ठेगाना भई हाल वागमती प्रदेश, ऐ. जिल्ला, ऐ म.न.पा.-०१, बस्ने श्रीमती **देव माया श्रेष्ठ** (ना.प्र.प.नं. ५०६०७, जारी मिति २०४५/०६/२७, जि.प्र.का. चितवन)

**जमानीकर्ताको नाम र ठेगाना**
श्री सम्मर बहादुर श्रेष्ठ को नाती, श्री हेम्वीर श्रेष्ठ को छोरा, श्रीमती देवमाया श्रेष्ठ को पति, चितवन जिल्ला भरतपुर न.पा. वडा नं.०४ ,स्थाई ठेगाना भई हाल वागमती प्रदेश, ऐ. जिल्ला, ऐ म.न.पा.-०१, बस्ने श्री **गम्बीर श्रेष्ठ** (ना.प्र.प.नं. ५६९२/६५३७, जारी मिति २०३९/१२/०९, जि.प्र.का. चितवन)

**३. ऋणी फर्मको नाम र ठेगाना**

**ऋणीको नाम : न्यू होटल आर एण्ड आर स्वीट होम**
ठेगाना : भरतपुर म.न.पा-०१, चितवन
रजिष्ट्रेसन नं. : ०३/०७६/०७७ (प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योगको कार्यालय, भरतपुर चितवन)
रजिष्ट्रेसन मिति : २०७६/०४/०५
पान नं. : ६०४०१७३२९, आन्तरिक राजस्व कार्यलय भरतपुर, चितवन

**फर्मको प्रोप्राइटरको नाम र ठेगाना**
श्री सम्मर बहादुर श्रेष्ठ को नाती, श्री हेम्वीर श्रेष्ठ को छोरा, श्रीमती देवमाया श्रेष्ठ को पति, चितवन जिल्ला भरतपुर न.पा. वडा नं.०४ ,स्थाई ठेगाना भई हाल वागमती प्रदेश, ऐ. जिल्ला, ऐ म.न.पा.,०१, बस्ने श्री **गम्बीर श्रेष्ठ** (ना.प्र.प.नं. ५६९२/६५३७, जारी मिति २०३९/१२/०९, जि.प्र.का. चितवन)

**जमानीकर्ताको नाम र ठेगाना**
श्री हेम्वीर श्रेष्ठ की बुहारी, श्री होम बहादुर गुरुङ की छोरी, श्री गम्बीर श्रेष्ठ की पत्नी, वागमती प्रदेश चितवन जिल्ला भरतपुर न.पा. वडा नं.०४ ,स्थाई ठेगाना भई हाल वागमती प्रदेश, ऐ. जिल्ला, ऐ म.न.पा.-०१, बस्ने श्रीमती **देव माया श्रेष्ठ** (ना.प्र.प.नं. ५०६०७, जारी मिति २०४५/०६/२७, जि.प्र.का. चितवन)

**४. ऋणीको नाम र ठेगाना**
श्री सम्मर बहादुर श्रेष्ठ को नाती, श्री हेम्वीर श्रेष्ठ को छोरा, श्रीमती देवमाया श्रेष्ठ को पति, चितवन जिल्ला भरतपुर न.पा. वडा नं.०४ ,स्थाई ठेगाना भई हाल वागमती प्रदेश, ऐ. जिल्ला, ऐ म.न.पा.-०१, बस्ने श्री **गम्बीर श्रेष्ठ** (ना.प्र.प.नं. ५६९२/६५३७, जारी मिति २०३९/१२/०९, जि.प्र.का. चितवन)

**जमानीकर्ताको नाम र ठेगाना**
श्री हेम्वीर श्रेष्ठ की बुहारी, श्री होम बहादुर गुरुङ की छोरी, श्री गम्बीर श्रेष्ठ की पत्नी, वागमती प्रदेश चितवन जिल्ला भरतपुर न.पा. वडा नं.०४ ,स्थाई ठेगाना भई हाल वागमती प्रदेश, ऐ. जिल्ला , ऐ म.न.पा.-०१, बस्ने श्रीमती **देव माया श्रेष्ठ** (ना.प्र.प.नं. ५०६०७, जारी मिति २०४५/०६/२७, जि.प्र.का. चितवन)

**शाखा कार्यालय : पातो**

**५. ऋणी फर्मको नाम र ठेगाना**

**ऋणीको नाम : देव कृष्ण फर्निचर उद्योग**
रजिष्टर्ड ठेगाना : डाक्नेश्वरी न.पा. वडा नं. ५, सप्तरी
रजिष्ट्रेसन नं : ९३२८/२०७७/७८ (प्रदेश सरकार, प्रदेश नं. २, नेपाल, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज
पान नं : ६१४३२५६९८

**फर्म प्रोप्राईटरको नाम र ठेगाना**
श्री असर्फि सुतिहार/श्रीमती सुरजी देवी सुतिहारको नाति, श्री मिश्री लाल सुतिहार /श्रीमती चन्द्रिका देवी सुतिहारको छोरा, सप्तरी जिल्ला, औरही गा.वि.स.वडा नं. ०१ स्थाई ठेगाना भई हाल ऐ जिल्ला डाक्नेश्वरी न.पा. वडा नं. ०६ बस्ने **राजेश कुमार शर्मा** ना.प्र.नं. १६३०८६/५८८, जारी मिति २०६३/१२/३० दोश्रो प्रतिलिपि जारी मिति २०७७/१२/२२,. जि.प्र.का सप्तरी)

**जमानीकर्ताहरुको नाम र ठेगाना**
१. श्री मोतीलाल शर्मा सुतिहार/श्रीमती रुकमा देवी शर्माकी छोरी, श्री मिश्री लाल सुतिहार/श्रीमती चन्द्रिका देवी सुतिहारकी बुहारी, राजेश कुमार शर्माको श्रीमती, सप्तरी जिल्ला, औरही गा.वि.स.वडा नं. ०१ स्थाई ठेगाना भई हाल ऐ जिल्ला डाक्नेश्वरी न.पा. वडा नं. ०६ बस्ने **अनिता देवी शर्मा** (ना.प्र.नं. १६-०१-७२-०१२८७, जारी मिति २०७२/०२/१७,.जि.प्र.का सप्तरी)
२. श्री मिश्री लाल सुतिहार/श्रीमती चन्द्रिका देवी सुतिहारको नाति, श्री राजेश कुमार शर्मा/श्रीमती अनिता देवी शर्माको छोरा, सप्तरी जिल्ला, डाक्नेश्वरी न.पा. वडा नं. ०६ स्थाई ठेगाना भई हाल ऐ जिल्ला डाक्नेश्री न.पा. वडा नं.०६ बस्ने **कृष्ण कुमार शर्मा** (ना.प्र.नं. १६-०१-८१-०९२२२, जारी मिति २०८१/११/०८,.जि.प्र.का सप्तरी)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER BANK OF THE YEAR 2024 NEPAL | THE BANKER BANK OF THE YEAR 2025 NEPAL

# प्रभाव दैनिक

रूपशाला

मंगलबार, ०३ चैत २०८२ (Tuesday, 17 March 2026)


## 'हामी तीन भाइ'को ट्रेलर रिलिज

मधुसुधन भट्टराई निर्देशित फिल्म 'हामी तीन भाइ'को ट्रेलर रिलिज भएको छ । सोमबार निर्माण टिमले ओएसआरको युटुब च्यानलमार्फत फिल्मको ट्रेलर रिलिज गरेको हो । फिल्ममा विनोद न्यौपाने, लक्ष्मी वर्देवा, कुशल बिष्ट, आश्मा गिरी, जाहन्वी बस्नेत,फलित राई, राजाराम पौडेल, रविन्द्र झा, बिष्णु सापकोटा (हर्के हल्दार), विकास चापागाइँ शुष्मा निरौला, यादव देवकोटा (सरापे),अन्जु हमाल,तारा शर्मा,पवन केसी, रमा बिष्ट, विरेन श्रेष्ठ, शुष्मा जिम्बा, खिन्न बहादुर भण्डारी (भोले), गोविन्द प्रसाद पौडेल, भुमिका गिरीलगायतले अभिनय गरेका छन् ।



# 'पाँच पाण्डव'को छायांकन सुरू



■ प्रभाव संवाददाता

**काठमाडौं–** काली रानी फिल्मस्को ब्यानरमा निर्माण हुन लागेको बहुप्रतीक्षित चलचित्र 'पाँच पाण्डव'को छायांकन औपचारिक रूपमा सुरु भएको छ । सोमबार झापाको नेपाल-भारत सीमावर्ती सहर काँकडभिट्टाबाट चलचित्रको शुभ-मुहूर्त गर्दै छायांकन थालिएको हो ।

ठूलो लगानी र नाम चलेका कलाकारहरूको समिश्रण रहेकाले यो चलचित्रलाई यस वर्षको प्रतीक्षित फिल्मका रूपमा हेरिएको छ । क्यामेरा पूजा गर्दै छायांकन थालिएको सिनेमाको पहिलो दिनको सेड्युलमा चलचित्रका मुख्य कलाकार हरूको उपस्थिति रहेको थियो ।

चलचित्रमा हरिवंश आचार्य, जितु नेपाल, आर्यन सिग्देल, महेश त्रिपाठी र सागर लम्साल (बले) रहनेछन् । यी कलाकार नै यो चलचित्रका मुख्य पात्र हुन् । 'पाँच पाण्डव'को भूमिकामा यी कलाकार रहनेछन् ।

चलचित्रको शीर्षक 'पाँच पाण्डव' राखिए पनि यो कुनै धार्मिक वा पौराणिक कथामा आधारित सिनेमा भने होइन । निर्माण पक्षका अनुसार यो पूर्ण रूपमा एक 'सोसल ड्रामा' (सामाजिक कथा) हो । चलचित्रमा महाभारतका पाँच पाण्डवको बिम्बलाई प्रयोग गर्दै समकालीन समाजको कथा भन्न खोजिएको छ । निर्माणपक्षले दिएको जानकारी अनुसार 'पाँच पाण्डव'को महिला पात्रमा दीपाश्री निरौला र जनी गुरुङ रहने छन् ।

चलचित्रलाई निर्देशक वसन्त निरौलाले निर्देशन गर्दैछन् । नेपाली फिल्म क्षेत्रमा सफल पटकथा लेखकको पहिचान बनाएका सुशील पौडेलले यसको कथा, पटकथा तथा संवाद लेखेका हुन् । पौडेल यसअघि समीक्षक र दर्शक दुवैले रुचाएको चर्चित फिल्म 'प्रसाद'का लेखक हुन्, जसका कारण 'पाँच पाण्डव'को कथावस्तु पनि बलियो हुने अपेक्षा गरिएको छ ।

नवीन श्रेष्ठ प्रस्तुतकर्ता रहने चलचित्रको निर्माता काली रानी श्रेष्ठ हुन् । हरिवंश आचार्यलगायत रुचाइएका र अग्रज कलाकार रहेकाले चलचित्रको बजेट उच्च रहने र निर्माणमा बजेटका कारण कुनै कम्प्रमाइज हुन नदिने प्रस्तुतकर्ता श्रेष्ठले बताए । श्रेष्ठ भन्छन्, "हामीले एक ऐतिहासिक र दर्शकले वर्षौंसम्म सम्झिरहने चलचित्र बनाउने संकल्प गरेका छौं । कलाकारहरूको लाइनअपले नै फिल्मको क्यानभास ठूलो छ भन्ने प्रष्ट पार्छ । हामी प्रविधि र मेकिङमा निकै सचेत छौं ।"

यो चलचित्रलाई श्याम तामाङले खिच्ने छन् । करिब ४० दिनको छायाकंन तालिका तय गरिएको अधिकांश दृश्य झापा मै खिचिने निर्माण टिमले जानकारी दिएको छ ।

चलचित्र 'पाँच पाण्डव'मा दर्शकले फूल डल्बी एट्मस साउन्डको अनुभव गर्न पाउने छन् । म्युजिक नेपालले भर्खरै मात्र नेपालमै सञ्चालनमा ल्याएको डल्बी एट्मस साउन्ड स्टुडियोमा 'पाँच पाण्डव'को साउन्डको काम हुने छ ।

झापाका विभिन्न रमणीय स्थानहरूमा छायांकन सकेपछि टोलीले अन्य स्थानको सेड्युल तय गर्ने निर्देशक निरौलाले जानकारी दिए । दिग्गज र नयाँ पुस्ताका चर्चित कलाकारहरूको एउटै पर्दामा उपस्थिति रहने भएकाले चलचित्रलाई लिएर सिने वृत्तमा अहिलेदेखि नै चर्चा चुलिएको छ ।

# 'पहाड' मा नेपाली समाजको कथा

■ प्रभाव संवाददाता




**काठमाडौं –** निर्देशक तुलसी घिमिरेले युवा जनशक्ति विदेश पलायन हुँदा खाली भएका पहाड र यसले ल्याउने सामाजिक र आर्थिक समस्यालाई चित्रण गरेर चलचित्र 'पहाड' निर्माण गरिएको बताएका छन् ।

आगामी वैशाख १ गते प्रदर्शन मिति तय गरिएको सो चलचित्रको आइतबार श्रव्यदृश्य (टिजर) सार्वजनिक गर्दै निर्देशक घिमिरेले चलचित्रको कथाले पहाड मात्र नभई समग्र देशकै अवस्थालाई दर्शाउने बताए । उनले भने, 'पहाड एकदमै सुन्दर ठाउँ हो । तर, पछिल्लो समय युवा पलयान भएका छन्, पहाडमा बसोबास गर्ने रोजगारीका लागि बसाइ सरेका छन् । हेर्दा हेर्दै पहाड उजाड झैँ देखिन थालेको छ, यही विषयलाई लिएर चलचित्र तयार गरेको छु ।'

निर्देशक घिमिरेले दर्शकसँगै यो चलचित्र घर, परिवार र समाजसम्म विचारको रूपमा पुग्ने विश्वास व्यक्त गरे । भाग्यरत्न फिल्म्स प्रालिको ब्यानरमा निर्माण भएको 'पहाड' मा बिपीन कार्की, सुनिल थापा, मदनकृष्ण श्रेष्ठ, रेनुनाथ योगी, अरुण क्षेत्री, रवीन्द्रसिंह बानियाँ, उमा गिरीलगायतका कलाकारको अभिनय रहेको छ । निर्देशक घिमिरेले कान्छी छोरी पञ्चमी घिमिरेलाई यसै चलचित्रमार्फत अभिनेत्रीको रूपमा दर्शकसामु ल्याएका छन् ।

# 'द एभरेस्ट ड्रिम' निफमा

■ प्रभाव संवाददाता



**काठमाडौं –** संयुक्त अधिराज्यको स्कटल्यान्डका ट्रमाटिक ब्रेन इन्जुरी (मस्तिष्कमा गम्भीर चोट) भोगेका व्यक्तिहरूको प्रेरणादायी सगरमाथा यात्रामा आधारित नयाँ वृत्तचित्र 'द एभरेस्ट ड्रिम' तयार भएको छ ।

गणेश पाण्डेको निर्देशन रहेको उक्त वृत्तचित्र यही चैत २२ गते काठमाडौंमा नेपाल अन्तरराष्ट्रिय चलचित्र महोत्सव (निफ) मा प्रदर्शनको तयारीमा रहेको छ । त्यसपछि वृत्तचित्र विश्वका विभिन्न अन्तरराष्ट्रिय चलचित्र महोत्सवमा प्रदर्शन हुने उनले बताए ।

निर्देशक पाण्डेका अनुसार करिब डेढ वर्षको मेहनतपछि तयार भएको यो वृत्तचित्रमा गम्भीर दुर्घटनापछि जीवनसँग संघर्ष गरिरहेका केही व्यक्तिले देखेको असाधारण सपनाको कथा समेटिएको छ । यसअघि उनको भूकम्पसम्बन्धी वृत्तचित्र 'भाग्यले बाँचेकाहरू'ले विभिन्न अन्तरराष्ट्रिय पुरस्कार जितेको थियो । उक्त वृत्तचित्र विश्वभरका विभिन्न देशमा प्रदर्शन भएको थियो ।

निर्देशक पाण्डेले तयार गरेको बहुपति प्रथामाथि आधारित वृत्तचित्र 'को-हजबेण्ड'ले विभिन्न फिल्म अवार्ड जित्नुका साथै ४० भन्दा बढी फिल्म महोत्सवमा प्रदर्शन गरिएको थियो ।

## रंगशाला

# सदीक्षालाई 'हिमालयन क्वीन्स ग्याम्बिट'को उपाधि




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'हिमालयन क्वीन्स ग्याम्बिट'को दोस्रो संस्करणको उपाधि अधिवक्ता सदीक्षा आचार्यले जितेकी छन् । उनले थापाथाली चेस पार्कमा आइतबार सम्पन्न खेलमा अपराजित रहँदै ६.५ अंक बनाएर सफलता हात पारेकी हुन् ।

स्वीस लिग प्रणालीको आधारमा सात चरणमा सञ्चालित ब्लिट्ज चेस प्रतियोगितामा सोनालिका सर्राफले पनि सदिक्षासमान ६.५ अंक बनाएकी थिइन् । बराबरी अंक भएपनि टाइब्रेकरको आधारमा पायोनियर एसोसिएट लकी सदीक्षाले उपाधि जितेकी हुन् । प्रिसियस अधिकारी र शुभश्री श्रेष्ठले पनि समान ६ अंक बनाए । तर, टाइब्रेकरको आधारमा अगाडि रहँदै प्रिसियस तेस्रो भइन् ।

प्रकृति न्यौपाने (५.५ अंक), अस्मिता दाहाल (५.५), मेघना अधिकारी (५) र आरती राई (५) ले शीर्ष आठमा रहँदै पदक हात पारे । त्यस्तै, यू ७ मा रुथ्वी सिंह (४ अंक), यू १० मा संगीता दास (४.५), यू १३ मा सुप्रिया खत्री (५), यू १६ मा गृष्मा पौडेल (५) र ४० वर्षमाथि शिवांगी नाथ (५ अंक) पहिलो स्थानमा रहे ।

स्कुलतर्फको उपाधि मार्भलस इंग्लिस बोर्डिङले जित्यो । उसले शीर्ष तीन खेलाडीको मूल्यांकनको आधारमा आठ अंक बटुल्दै ट्रफी जितेको हो । ग्रिनल्यान्ड इन्टरनेसनल स्कुल पाँचअंकसहित उपविजेता भयो । श्री पञ्चकन्या आधारभूत विद्यालय चार अंक बनाएर तेस्रो स्थानमा रह्यो ।

विश्व बुद्धिचाल महासंघको फिडे वुमेन्स कमिसन फर चेसले मार्च महिनामा 'फिडे वुमेन्स चेस म्याराथन' सञ्चालन गरिरहेको छ र त्यसैअन्तर्गत हिमालयन चेस एकेडेमीले नेपालमा हिमालयन क्वीन्स ग्याम्बिट आयोजना गरेको हो, जसमा ६ वर्षदेखि ४७ वर्षसम्मका एक सय तीन खेलाडी सहभागी थिए । रोयल सिंगी होटलमा शनिबार दोस्रो वार्षिकोत्सव मनाएको हिमालयन चेस एकेडेमीले क्वीन्स ग्याम्बिटसँगै क्लासिकल, र्यापिड, ब्लिट्ज र पजल सोल्भिङ गरी कुल १४ प्रतियोगिता सफलतापूर्वक आयोजना गरेको छ ।

विजेता खेलाडीहरूलाई ट्रफी, मेडल तथा पुरस्कार हिमालयन चेस एकेडेमीकी संस्थापक मोनालिशा खम्बू, कोसी प्रदेश बुद्धिचाल संघका अध्यक्ष सुरेन्द्रकुमार राई, राष्ट्रिय स्वतन्त्र पार्टीकी नेतृ सिर्जना श्रेष्ठ, थापाथाली चेस पार्कका अध्यक्ष सानुराज वज्राचार्य र २०४५ सालका राष्ट्रिय बुद्धिचाल च्याम्पियन नवीन तन्डुकारले प्रदान गरेका थिए ।

# जर्मनीमा सुजनलाई दोहोरो स्वर्ण




**काठमाडौं (प्रस)–** नेपाली उमा कुङफु खेलाडी सुजन कक्षपतिले 'डेब्यु' अन्तर्राष्ट्रिय प्रतियोगितामा दोहोरो स्वर्ण जितेका छन् ।

जर्मनीको रेजेन्सवर्गमा भएको ब्याटल अफ बभेरियामा सुजनले दुई फरक स्पर्धामा स्वर्ण जितेको नेपाल उमा कुङफु संघका अध्यक्ष एवं डब्लुएमएसी नेपाल च्याप्टरका महासचिव संजीतकुमार राईले जनाएका छन् ।

वर्ल्ड मार्सल आट्र्स कमिटी (डब्लुएमएसी) द्वारा आयोजित प्रतियोगितामा सुजनले चाइनिज क्रिएटिभ फम र ट्रेडिसनल फम विथ वेपनमा प्रतिस्पर्धा गरेका थिए । चाइनिज क्रिएटिभ फममा सुजनले २३.०२ अंक जोडे । यो स्पर्धामा ५ जना सहभागी थिए ।

७ खेलाडीले भाग लिएको ट्रेडिसनल फम विथ वेपनमा सुजनले २२.५८ अंक जोडे ।प्रतियोगितामा नेपालसहित १० राष्ट्रका १ हजार २ सय खेलाडीको सहभागिता रहेको नेपाल उमा कुङफु संघले जनाएको छ ।

सुजन सातौं राष्ट्रिय उमा कुङफु च्याम्पियनसिपका रजत विजेता पदक विजेता हुन् । सुजन मंगलबार स्वदेश फर्किदै छन् ।


**Likhu Pike Rural Municipality**

**Office Of The Rural Municipal Executive**

**Chaulakharka, Solukhumbu**

**Koshi Province, Nepal**


**Notice for financial bid opening**

**(Date of Publication: 16th Mar 2026)**

As per our E-bid invitation notice for project: " Construction of Ngagyur Nyngma Palyul Dhongag Chholing Monastery. (contract id: NCB/WORKS/LPKRM/2082/083-04), this is to notify that following bidders have been successfully selected and eligible for financial propose/bid opening. Hence it is to inform all the concerned parties hereby to attend the financial bid opening that will be at 12:00 hours on 24th Mar 2026.

| SN | Bidders Name And Adress | Remarks |
|---|---|---|
| 1. | Arisha- Harati JV, Jorpati-6 Kathmandu | |
| 2. | Himshikhar-Chandeshwori JV, Likupike Solukhumbu | |
| 3. | Jimba-Purna JV, Bhaktapur Nepal | |

**Chief Administretive Officer**



**गाजामा प्रार्थना** | इजरायल–हमास युद्धले क्षतिग्रस्त गाजा सहरको ग्रेट ओमारी मस्जिदमा सोमबार लैलत अल–कद्र (जसलाई भाग्यको रात पनि भनिन्छ)को समयमा प्रार्थना गर्दै मुस्लिम धर्मावलम्बीहरू । *तस्बिरः एपी*

# मृत्युलाई स्वीकार्न 'डेथ फेस्ट'

**नोन्थाबुरी (थाइल्याण्ड)**– थाइल्याण्डमा आयोजित अनौठो 'डेथ फेस्ट' नामक कार्यक्रमले मानिसहरूलाई जीवनको अन्तिम सत्य अर्थात् मृत्युबारे खुलेर सोच्न र स्वीकार गर्न प्रेरित गरिरहेको छ । बैंकक नजिकैको नोन्थाबुरी प्रान्तमा आयोजित तीनदिने कार्यक्रममा सहभागीहरूले मृत्युको सामना गर्ने मानसिक तयारीसँगै त्यसका व्यावहारिक पक्षबारे जानकारी पाउने अवसर पाएका छन् ।

दोस्रो वर्षमा प्रवेश गरेको यो कार्यक्रमले धेरैलाई असहज लाग्ने विषयलाई सार्वजनिक छलफलको केन्द्रमा ल्याएको छ । थाइल्याण्डको सामाजिक र धार्मिक परम्परामा बौद्ध धर्मको गहिरो प्रभाव रहेको छ, जहाँ जन्म, बुढ्यौली, रोग र मृत्यु जीवनका अनिवार्य दुःखका रूपमा व्याख्या गरिन्छ । यही दर्शनलाई आधार बनाएर कार्यक्रमले मृत्युको तयारीमात्र नभई, जीवनको अन्तिम समयसम्म राम्रो जीवनयापन कसरी गर्ने भन्ने विषयमा पनि ध्यान केन्द्रित गरेको छ ।

कार्यक्रममा सहभागी साङ्दुआन न्गाम्भिनिजरुन आफ्नी आमासँग मेलामा पुगेका थिए । उनले आफ्नो परिवारमा मृत्युबारे कुरा गर्न पहिले निकै गाह्रो हुने बताए । तर २० वर्षभन्दा बढी समय बिरामी आफन्तहरूको हेरचाह गर्दै बिताएपछि उनले धेरैको मृत्यु प्रत्यक्ष देखेको र अहिले यसबारे खुलेर कुरा गर्न सक्ने अवस्थामा पुगेको बताए ।

उनका अनुसार कार्यक्रमको उद्देश्य केवल 'राम्रोसँग मर्ने तरिका' सिकाउनुमात्र नभई, मानिसले बाँचुञ्जेल आफ्नो जीवनको गुणस्तर कसरी राम्रो बनाउने भन्ने विषयमा सोच्न प्रेरित गर्नु पनि हो । कार्यक्रममा स्वास्थ्य सेवा, वित्तीय योजना, राहतमुखी हेरचाह, अन्त्येष्टि सेवा र स्मारक व्यवस्थापनसँग सम्बन्धित विभिन्न क्षेत्रका विज्ञ तथा संस्थाहरू सहभागी भएका थिए । यहाँ आयोजित वार्ता र गतिविधिहरूले मृत्युको तयारीमात्र नभई जीवनको अन्तिम दिनसम्म सम्मानजनक र अर्थपूर्ण जीवन कसरी जिउने भन्ने विषयमा केन्द्रित चर्चा गरेका थिए ।

कार्यक्रमका प्रमुख आयोजक तथा द क्लाउड म्यागजिनका प्रधान सम्पादक ज्कोङक्लोद बंगीखानका अनुसार मृत्यु व्यक्तिगत घटनामात्र नभई परिवार र समाजसँग जोडिएको विषय हो । उनले मानिसहरूले आफ्नो मृत्युबारेमात्र सोच्नुको सट्टा आफूपछि रहने परिवार र प्रियजनहरूको जीवनलाई कसरी सहज बनाउने भन्नेबारे पनि विचार गर्नुपर्ने बताए ।

मेलामा सबैभन्दा आकर्षक प्रदर्शनीमध्ये 'टेस्ट डाइ' नामक अनुभवात्मक गतिविधि रहेको थियो । यसमा आगन्तुकहरूले विभिन्न आकार र शैलीका कफिनभित्र सुत्दै माथि राखिएको ऐनामा आफ्नो प्रतिविम्ब हेर्ने अवसर पाउँथे । आयोजकहरूका अनुसार यो अनुभव डर सिर्जना गर्नेभन्दा पनि जीवन र मृत्युबारे आत्मचिन्तन गराउने उद्देश्यले तयार गरिएको हो ।

कार्यक्रममा सहभागी कार्यालय कर्मचारी फिनुट्टा सिहादले कफिनभित्र सुत्ने अनुभव शान्त र सोचनीय लागेको बताए । उनले आफू मृत्युबाट खासै डराउने व्यक्ति नभएको र जीवनको अन्तिम क्षण आए पनि त्यो अत्यन्त भयावह नहुने अनुभूति भएको बताए ।

कार्यक्रममा वातावरणमैत्री अन्त्येष्टि प्रविधिहरू पनि प्रस्तुत गरिएका थिए । एउटा कम्पनीले माइसेलियम अर्थात् ढुसीका जरा जस्तै फाइबरबाट बनाइने बायोडिग्रेडेबल कफिन प्रदर्शन गरेको थियो, जसले दफन प्रक्रियालाई प्राकृतिकरूपमा विघटन हुन सहयोग गर्छ । कम्पनीकी संस्थापक जिरावन कुमसाओका अनुसार यस्तो डिजाइनले वातावरणमैत्री अन्त्येष्टि संस्कृतिलाई प्रोत्साहन गर्ने उद्देश्य राखेको छ ।

यद्यपि, उनको कम्पनीले मुख्यतः घरपालुवा जनावरहरूका लागि कफिन उत्पादन गर्ने गरेको छ । उनले मानिसहरूले आफ्ना घरपालुवा जनावरहरूको अन्तिम क्षणसम्म राम्रो हेरचाह गरेको अनुभूति गर्दा सान्त्वना पाउने बताए । उनका अनुसार कफिनको डिजाइन अन्तरिक्ष यान वा क्याप्सुलजस्तो देखिनेगरी बनाइएको छ, जसले प्रिय जनावरलाई अर्को संसारतर्फ पठाउने प्रतीकात्मक भाव दिन्छ ।

कार्यक्रममा डिजिटल स्मारक सेवाहरू पनि प्रस्तुत गरिएका थिए । अनलाइन मेमोरियल प्लेटफर्म 'सेयरसोल्स'का संस्थापक नोप्पासवार्ड पान्याजारेका अनुसार उनको सेवाले मानिसहरूलाई फोटो सुरक्षित राख्न र आफ्ना प्रियजनहरूको सम्झना तथा कथाहरू साझा गर्न डिजिटल स्थान उपलब्ध गराउँछ ।

उनका अनुसार प्रारम्भिक रूपमा यो प्लेटफर्म परिवारका सदस्यहरूको सम्झना सुरक्षित राख्ने उद्देश्यले सुरु गरिएको थियो । तर प्रयोगकर्ताहरूले आफ्ना घरपालुवा जनावरहरूको स्मृतिमा पनि स्मारक पृष्ठ बनाउन थालेपछि उनी आश्चर्यचकित भएको बताए ।

उनका अनुसार धेरै मानिसहरूले आफ्ना घरपालुवा जनावरबारे कथा र सम्झना सुरक्षित राख्न कुनै उपयुक्त स्थान नपाएको भन्दै प्लेटफर्मप्रति आभार व्यक्त गरेका छन् । उनले हरेक घरपालुवा जनावर आफ्नो मालिकका लागि परिवारका सदस्यजत्तिकै महत्त्वपूर्ण हुने भएकाले त्यस्ता सम्झनाहरू सुरक्षित राख्ने ठाउँको आवश्यकता बढ्दै गएको बताए । *रासस⁄एपी*

# होर्मुज बन्दः विश्व बजारमा दबाब




**तेहरान–** इरानले कच्चा तेल आपूर्तिका लागि अत्यन्त महत्त्वपूर्ण मानिने स्ट्रेट अफ होर्मुज प्रभावकारीरूपमा बन्द गरेपछि विश्व ऊर्जा बजारमा तीव्र दबाब देखिएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार नाटोका साझेदार राष्ट्रहरू तथा चीनलाई उक्त जलमार्ग पुनः सञ्चालनमा ल्याउन सहयोग गर्न आग्रह गरेका छन् ।

अमेरिका-इजरायलसँग जारी युद्धको प्रतिउत्तरस्वरूप इरानले खाडी क्षेत्रको यो प्रमुख जलमार्ग बन्द गरेपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य एकाएक ४० देखि ५० प्रतिशतसम्म उक्लिएको छ । युद्ध तेस्रो हप्तामा प्रवेश गरिरहँदा कच्चा तेलको मूल्य सोमबार करिब १०० डलर आसपास पुगेको देखिएको छ । इजरायलले इरानभित्र अझै पनि 'हजारौं लक्ष्य' रहेको दाबी गर्दै दैनिकरूपमा नयाँ लक्ष्य पहिचान गरिरहेको जनाएको छ ।

ट्रम्पले संयुक्त राज्य अमेरिका इरानसँग वार्तामा रहेको भए पनि तेहरान तत्काल युद्ध अन्त्य गर्ने सहमतिमा पुग्ने अवस्थामा नदेखिएको बताए । 'मलाई लाग्दैन उनीहरू अहिले तयार छन्, तर उनीहरू निकै नजिक आइपुगेका छन्,' उनले भने । यसअघि इरानका विदेशमन्त्रीले भने वासिङ्टनसँग कुनै पनि प्रकारको वार्ता अस्वीकार गरिएको बताएका थिए ।

अमेरिकी राष्ट्रपतिले चीन, फ्रान्स, जापान, दक्षिण कोरिया र बेलायतजस्ता देशहरूलाई स्ट्रेट अफ होर्मुजहुँदै जाने तेल ट्यांकरहरूको सुरक्षाका लागि नौसैनिक जहाज पठाउन आग्रह गरेका छन् । फाइनान्सियल टाइम्ससँग कुरा गर्दै उनले स्ट्रेट अफ होर्मुजबाट लाभ लिने देशहरूले त्यस क्षेत्रमा कुनै अप्रिय घटना हुन नदिन सहयोग गर्नु उचित हुने बताए । संयुक्त राज्य अमेरिकाको तुलनामा युरोपेली देशहरू र चीन खाडी क्षेत्रबाट आउने तेलमा धेरै निर्भर रहेका छन् ।

बेइजिङले स्ट्रेट अफ होर्मुज पुनः सञ्चालनका प्रयासमा सहयोग नगरे चिनियाँ राष्ट्रपति सी चिनफिङसँग यस महिनाको अन्त्यमा हुने तय गरिएको शिखर सम्मेलन स्थगित हुन सक्ने चेतावनी पनि ट्रम्पले दिएका छन् । उनले आफ्नो आग्रह अस्वीकार भएमा त्यसले नाटोको भविष्यका लागि पनि नकारात्मक प्रभाव पार्न सक्ने बताए । तर जापान र अस्ट्रेलियाले भने अहिलेका लागि सैनिक तैनाथ गर्ने योजना नभएको स्पष्ट पारेका छन् ।

यसैबीच, इरानले अन्य देशहरूलाई मध्यपूर्वमा फैलिएको युद्धमा प्रत्यक्षरूपमा संलग्न नहुन चेतावनी दिएको छ । फ्रान्सका विदेशमन्त्री जिन-नोएल बारोटसँगको टेलिफोन संवादमा इरानका विदेशमन्त्री अब्बास अराघचीले द्वन्द्वलाई थप विस्तार गर्ने कुनै पनि कदमबाट टाढा रहन आग्रह गरेका थिए । उनले क्षेत्रीय सुरक्षाका नाममा अमेरिकी सैन्य उपस्थितिले समस्या समाधान गर्नुको सट्टा तनाव बढाइरहेको आरोप लगाए र छिमेकी देशहरूलाई 'विदेशी आक्रमणकारीलाई बाहिर निकाल्न' आह्वान गरे ।

युद्धसँगै इरानले अमेरिकी सेना रहेको मध्यपूर्वका विभिन्न स्थानमा आक्रमण तीव्र बनाएको छ । इटालीको सेनाले कुवेतस्थित अली अल सलेम एयरबेसमा भएको ड्रोन आक्रमणमा इटालीको मानवरहित विमान नष्ट भएको तर मानवीय क्षति नभएको जनाएको छ । इटालीका विदेशमन्त्री एन्टोनियो ताजानीले घटनालाई कम महत्त्व दिँदै आफ्नो देश कसैसँग युद्धमा नरहेको स्पष्ट पारे ।

इराकी अधिकारीहरूका अनुसार बगदाद अन्तर्राष्ट्रिय विमानस्थलस्थित अमेरिकी कूटनीतिक सुविधा नजिकै रकेट प्रहार हुँदा पाँच जना घाइते भएका छन् । उता इरानको रिभोलुसनरी गार्ड्सले हालसम्म अमेरिका र इजरायलसँग सम्बन्धित लक्ष्यहरूतर्फ करिब ७०० मिसाइल र तीन हजार ६०० ड्रोन प्रहार गरिएको दाबी गरेको छ ।

साउदी अरेबियाले पनि सोमबार मध्यरातयता ६० भन्दा बढी ड्रोन रोकेको जनाएको छ । दुबई विमानस्थल नजिक ड्रोनसँग सम्बन्धित घटनापछि आगलागी हुँदा केही समयका लागि उडान स्थगित गर्नुपरेको थियो । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले भने इराकको कुर्दिस्तान क्षेत्रमा इरानी डिजाइनको ड्रोन आक्रमणमा फ्रान्सेली सैनिक मारिएपछि फ्रान्सका हितमाथि भएको आक्रमण अस्वीकार्य भएको बताएका छन् ।

यसबीच द्वन्द्व लेबनानसम्म फैलिएको देखिएको छ । इजरायलले बेरुतको दक्षिणी उपनगरहरूमा नयाँ हवाई आक्रमण सुरु गरेको जनाएको छ । ऊर्जा बजारमा भने आपूर्ति संकट टार्न अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले सदस्य राष्ट्रहरूले रणनीतिक भण्डारबाट करिब ४० करोड ब्यारेल तेल बजारमा पठाउन सुरु गर्ने निर्णय गरेको जनाएको छ । एसिया-ओसिनिया क्षेत्रका देशहरूले तत्काल भण्डार उपलब्ध गराउने छन् भने युरोप र अमेरिकाले आगामी हप्तामा त्यसलाई पछ्याउने अपेक्षा गरिएको छ ।

मध्यपूर्वबाट आउने तेलमा ९५ प्रतिशत निर्भर रहेको जापानले आफ्नो सरकारी राजपत्रमार्फत देशको तेल भण्डार स्तर घट्दै गएको सूचना जारी गरेको छ । यस कदमले भण्डार व्यवस्थापकहरूलाई केही तेल बजारमा छोड्न बाध्य पार्ने छ ।

स्ट्रेट अफ होर्मुज बन्द भएपछि विश्वका विभिन्न देशमा त्यसको प्रभाव देखिन थालेको छ । अस्ट्रेलियाका अधिकारीहरूले मूल्यवृद्धि र हडबडाहटमा किनमेल नगर्न सर्वसाधारणलाई आग्रह गरेका छन् । भारतमा भने आयात अवरोधका कारण रेस्टुरेन्टहरूले खाना पकाउने ग्यास बचत गर्न मेनु परिवर्तन गर्न थालेका छन् ।

सिड्नी नजिकै बस्ने ल्याण्डस्केपर एम्मा फुटर्लेबले इन्धन महँगिएपछि आफ्नो बजेटमा दबाब परेको बताए । 'यसले हाम्रो खर्चमा सीधा असर गरेको छ,' उनले भने ।

उता तेहरानमा भने युद्ध सुरु भएको केही दिनपछि जीवन क्रमशः सामान्य बन्न थालेको देखिएको छ । गत हप्ताको तुलनामा सहरमा यातायात चहलपहल बढेको छ र केही क्याफे तथा रेस्टुरेन्ट पुनः सञ्चालनमा आएका छन् । फारसी नयाँ वर्ष नौरुज नजिकिँदै गर्दा लोकप्रिय ताजरिश बजारका धेरै स्टलहरू खुल्न थालेका छन् । नगद निकाल्न एटिएमहरूमा लामो लाइन देखिएको छ भने देशकै ठूलो बैंक मेलीको अनलाइन सेवा केही दिनदेखि अवरुद्ध भएको जनाइएको छ ।

राजधानी बाहिरका क्षेत्रहरूमा पनि समान अवस्था देखिएको छ । क्यास्पियन सागर किनारको मजन्दरान प्रान्तस्थित टोनेकाबोन सहरका ४९ वर्षीय अलीले पसलहरू खुला र भीडभाड रहेको बताए । यद्यपि मूल्य बढेको अनुभव भइरहेको उनको भनाइ छ । उनका अनुसार मुख्य चोक भने हरेक रात बन्द गरिन्छ र सरकारी प्रदर्शनहरू आयोजना भइरहेका छन् । बाह्य इन्टरनेट सेवा बन्द भएकाले देशभित्रको इन्ट्रानेटमात्रै चलिरहेको बताइएको छ ।

इरानी स्वास्थ्य मन्त्रालयका अनुसार अमेरिका र इजरायलका आक्रमणबाट हालसम्म एक हजार २०० भन्दा बढी मानिसको मृत्यु भएको छ, यद्यपि यो तथ्यांक स्वतन्त्ररूपमा पुष्टि हुन सकेको छैन । संयुक्त राष्ट्रसंघीय शरणार्थी एजेन्सीले इरानभित्र करिब ३२ लाख मानिस विस्थापित भएको जनाएको छ । *रासस⁄एएफपी*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०३ गते**

यस कम्पनीको मिति २०८२/१२/०१ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **युनि ब्रिज ग्लोबल प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१२/०१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **क्याटालिस्ट ग्लोबल पाथवे प्रा.लि. (प्रा.लि.नं. १३१६३७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मितिः २०६६/१०/१९ मा दर्ता भएको प्रा.लि.नं. ७०१११ को **मेगा पब्लिकेशन एण्ड रिसर्च सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०२ गते**

यस कम्पनीको मिति २०८२/११/२९ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **श्रीज्मा एजुकेशन प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१२/०२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बि.एम.डब्लु.एजुकेशनल कन्सल्टेन्सी चितवन प्रा.लि. (प्रा.लि.नं.१६०६९२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७९/०५/१३ मा दर्ता भएको **प्रा. लि. नं. २९७७०८** को **नेबुला पाथफान्डर आइज् प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/१२/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

### Invitation For Bids

**Date of publication: 2082-12-03 (17th Mar, 2026)**

1. Khumbu Pasanglhamu Rural Municipality, Solukhumbu invites electronic bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures.

| IFB No. | Description of Works | Estimated Amount (Including VAT & PS) | Bid Security NRs | Bid Docs Fee | Bid Validity Period | Bid Bond Security Period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 46/NCB/WORKS/BLDG/KPLRM-2082/083 | Maintenance of Thamicho Community Building at KPLRM -05, Solukhumbu | 1,947,079.48 | 50,000.00 | 3000.00 | 90 Days | 120 Days | |
| 47/NCB/WORKS/DWS/KPLRM-2082/083 | Namche, Khumjung, Khunde Khanepani Nirman Tatha Muhan Bebasthapan | 4,865,029.26 | 125,000.00 | 3000.00 | 90 Days | 120 Days | |

2. Eligible bidders may obtain further information and inspect the e-bid Forms at the website of PPMO www.bolpatra.gov.np. and should submit online bids electronically through PPMO e-GP portal www.bolpatra.gov.np.
3. For detail information contact in Khumbu Pasanglhamu Rural Municipality, Tel. No. 038590066, email: ito.khumbupasanglhamumun@gmail.com

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ३०९५०० | प्रति तोला – ० | प्रति तोला – ५२६५ |

## अर्थमन्त्री र वित्तीय क्षेत्रका नियामक निकायका प्रमुखबीच छलफल



**काठमाडौं (प्रस)–** अर्थमन्त्री रामेश्वरप्रसाद खनाल र बैंक तथा वित्तीय क्षेत्रका नियामक निकायका प्रमुखहरूबीच भेटघाट तथा छलफल भएको छ। अर्थ मन्त्रालयमा सोमबार भएको भेटघाटमा नेपाल राष्ट्र बैंकका गभर्नर विश्वनाथ पौडेल, नेपाल बिमा प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेल तथा नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठको सहभागिता रहेको थियो।

भेटघाटका क्रममा अर्थमन्त्री खनालले आफू अर्थमन्त्रीका रूपमा कार्यरत रहँदा समष्टिगत आर्थिक स्थायित्व, लगानीका लागि उपयुक्त वातावरण निर्माण, पुँजीबजारलाई पारदर्शी तथा लगानीमैत्री बनाउन र आर्थिक सुशासन कायम गराउन नियामक निकायहरूले खेलेको भूमिकाप्रति धन्यवाद व्यक्त गर्नुभएको अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले जानकारी दिए।

त्यस अवसरमा नियामक निकायका प्रमुखहरूले अर्थमन्त्रीसँगको सहकार्य फलदायी रहेको भन्दै नेपालको बैंक तथा वित्तीय क्षेत्रको सुदृढीकरण, वित्तीय अनुशासन कायम गर्न तथा समग्र आर्थिक प्रणालीलाई व्यवस्थित बनाउन अर्थ मन्त्रालयले अवलम्बन गरेका नीति तथा मार्गनिर्देशनप्रति आभार व्यक्त गरेका थिए। भेटघाटका क्रममा बैंक तथा वित्तीय क्षेत्रको स्थायित्व, लगानी अभिवृद्धि, वित्तीय प्रणालीको पारदर्शिता तथा पुँजीबजारको विकासका विषयमा समेत विचार आदान-प्रदान भएको जनाइएको छ।

## निर्माण व्यवसायीले गरे ‘कन्स्ट्रक्सन होलिडे’को माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल निर्माण व्यवसायी महासंघले निर्माण सामग्रीमा मूल्य स्थिर नहुँदासम्म ‘कन्स्ट्रक्सन होलिडे’ घोषणा गर्न सरकारसँग आग्रह गरेको छ। मध्यपूर्व र पश्चिम एसियामा देखिएको युद्धका कारण देखाउँदै निर्माण उद्योगमा अत्यधिक प्रयोग हुने डिजेल, पेट्रोल, मट्टितेललगायतका इन्धन सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाउँदै महासंघले यस्तो माग अगाडि सारेको हो।

महासंघका महासचिव रोशन दाहालद्वारा सोमबार जारी विज्ञप्तिमा भनिएको छ, ‘धमाधम निर्माण कार्य हुने सिजनमा इन्धनलगायत सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिले निर्माण व्यवसायीहरूलाई ठूलो आर्थिक भार पर्नुका साथै पूर्वाधार खर्च बढ्न गई नेपाल सरकारका सार्वजनिक निकायहरूलाई नै आर्थिक बोझ थपिने निश्चित छ। त्यसैले मूल्यवृद्धि स्थिर नभएसम्म सम्पूर्ण आयोजनाको निर्माण कार्य हाललाई स्थगित गर्न महासंघ बाध्य हुने व्यहोरासमेत अवगत गराउँदछौं।’

> इन्धन सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिबाहेक हालै निर्वाचनको मौका पारेर नेपालमा सीमित आयातकर्ताहरूले ‘कार्टेलिङ’ गर्दै सडक निर्माणमा प्रयोग हुने बिटुमिनको पनि कृत्रिम अभाव सिर्जना गरी आर्थिक समस्यामा पारेको महासंघको दाबी छ।

एकातिर बजारमा निर्माण सामग्रीको मूल्यवृद्धि हुने र अर्कोतर्फ राष्ट्रबैंकबाट जारी हुने मूल्य सूचकांक वास्तविक नहुने भएकाले मूल्य स्थिर नहुँदासम्मको लागि सरकारको तर्फबाट नै ‘कन्स्ट्रक्सन होलिडे’ घोषणा गर्न महासंघले अनुरोध गरेको हो। इन्धन सामग्रीहरूमा भएको भारी मूल्यवृद्धिबाहेक हालै निर्वाचनको मौका पारेर नेपालमा सीमित आयातकर्ताहरूले ‘कार्टेलिङ’ गर्दै सडक निर्माणमा प्रयोग हुने बिटुमिनको पनि कृत्रिम अभाव सिर्जना गरी आर्थिक समस्यामा पारेको महासंघको दाबी छ। सडक कालोपत्र सुरु भएपछि बिटुमिनको अभाव हुँदा कालोपत्र गर्न ठिक्क पारिएको सडकमा थप क्षति हुने सम्भावना प्रबल भएको र ‘बुकिङ’ गर्दाको मूल्यभन्दा हाल प्रतिलिटर रु ४० सम्म मूल्यवृद्धि हुँदा निर्माण व्यवसायीहरू दोहोरो पीडामा परेका महासंघको धारणा छ।

पछिल्लो समय भारतले बिटुमिनको निर्यात बन्द गरेका कारण मुलुकको निर्माण उद्योग थप प्रताडित भएको विज्ञप्तिमा उल्लेख छ। ‘निर्वाचनकै माहोलबीच सीमित उद्योगीहरूले फलामे डन्डी र सिमेन्टमा पनि मूल्यवृद्धि गर्दा सरकारी पूर्वाधार मात्र होइन निजी क्षेत्रको पूर्वाधारमा पनि ठूलो आर्थिक भार थपिएको छ’, विज्ञप्तिमा भनिएको छ,‘हाल फलामे डन्डी प्रतिकेजी रु ८५ बाट रु १०० र सिमेण्टमा प्रतिबोरा रु ५० सम्म मूल्यवृद्धि भएको छ। सीमित उद्योगीहरूले मूल्यवृद्धिसँगै कार्टेलिङ गरी उत्पादनमा समेत कटौती गरेकाले भुक्तानी अभावलगायतका कारण अत्यन्त सकसमा रहेको निर्माण उद्योग थप समस्याग्रस्त भएको छ।’

सार्वजनिक खरिद ऐन र नियमावलीअनुसार प्रत्येक आयोजनामा मूल्यवृद्धि भएअनुरूप मूल्य समायोजनको व्यवस्था गर्न महासंघले विज्ञप्तिमार्फत सरकारका सम्बन्धित निकायसमक्ष माग गरेको छ।

## भाडा समायोजन गर्न यातायात व्यवसायीको माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** देशभरका यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले पेट्रोलियम पदार्थको मूल्यवृद्धि भएको भन्दै सवारीसाधनमा भाडा समायोजन गर्न माग गरेको हो।

महासंघका महासचिव डेकनाथ गौतमले सोमबार विज्ञप्ति जारी गरी नेपाल आयल निगमले गएराति पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धिप्रति गम्भीर ध्यानाकर्षण भएको बताए। उनले पेट्रोलियम पदार्थको प्रत्यक्ष उपभोग गर्ने आम यातायात व्यवसायी र उपभोक्ता वर्गको हितलाई मध्यनजर नगरी साबिकको मूल्यमा एकाएक भारी मूल्यवृद्धि गर्दा देशभर यातायात सेवा सञ्चालन गर्ने यातायात व्यवसायी एवम् यात्रुमा प्रत्यक्ष असर पर्न गएका बताए।

महासंघले नेपाल आयल निगमभित्रको आन्तरिक चुहावट र पेट्रोलियम पदार्थको खपतलाई नियन्त्रण गरी वैज्ञानिक विधि अपनाई पेट्रोलियम पदार्थको सहज आपूर्ति व्यवस्था मिलाउन नेपाल सरकारसमक्ष माग गरेको छ।

सार्वजनिक यातायात सञ्चालनमा सवारीसाधनहरू डिजेल/पेट्रोलको इन्धन प्रयोग गरी सञ्चालन हुने हुँदा पेट्रोलियम पदार्थको मूल्य घटबढ हुँदा प्रत्यक्ष असर सार्वजनिक सवारीसाधन सञ्चालनमा देखिएको महासंघले जनाएको छ।

नेपाल आयल नियमले गएरातिदेखि डिजेलमा रु १० र पेट्रोलमा रु १५ वृद्धि गरेको थियो। यातायात व्यवस्था विभागले कानुनबमोजिम संघीय रुटको पेट्रोलियम पदार्थमा मूल्यवृद्धि हुँदा वा मूल्य घट्दा स्वचालित प्रणालीबाट मूल्य समायोजन गर्दै आएको भन्दै अहिले पनि उक्त व्यवस्था लागू गर्न अनुरोधसमेत गरेको छ।

महासंघले संघीय रुटको भाडा यातायात व्यवस्था विभागबाट र प्रदेश अन्तर्गतको भाडा सातवटै प्रदेश मन्त्रालयबाट यथाशीघ्र समायोजन गर्नसमेत सरकारसँग माग गरेको छ।

## नेप्से परिसूचक २६ अंकले घट्यो

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ। सोमबार नेप्से परिसूचक २६ दशमलव ०७ अंकले घटेर दुई हजार ७९८ दशमलव ८३ को बिन्दुमा कायम भएको हो। यो शून्य दशमलव ९२ प्रतिशतको गिरावट हो।

३४५ कम्पनीको तीन करोड सात लाख ९० हजार २११ कित्ता शेयर एक लाख दुई हजार ७५९ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ९७ करोड ४६ लाख ९६ हजार ८८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। कारोबारमा उत्पादन तथा प्रशोधन समूहको उपसूचक शून्य दशमलव २५ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ।

बैंकिङ एक दशमलव ६१, विकास बैंक शून्य दशमलव ८४, वित्त शून्य दशमलव ७१, होटल तथा पर्यटन शून्य दशमलव २६, जलविद्युत् शून्य दशमलव ६१, लगानी एक दशमलव ५२ र जीवन बिमा समूह शून्य दशमलव ९४ प्रतिशतले घटेको छ। लघुवित्त शून्य दशमलव ९५, म्युचुअल फन्ड शून्य दशमलव ४६, निर्जीवन बिमा शून्य दशमलव ४५, व्यापार एक दशमलव ०९ र अन्य समूह एक दशमलव ०९ प्रतिशतले घटेको छ।

सलपा विकास बैंक लिमिटेड, रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड र सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने सिद्धार्थ इक्विटी फन्डको शेयर मूल्य चार दशमलव ३९ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडका रु ६८ करोड ७७ लाख २४ हजार ७६१ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै नेसनल हाइड्रोपावर कम्पनी लिमिटेडको २२ लाख ७२ हजार २४५ कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ।

## गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नियमित सञ्चालनमा ल्याउन माग

■ प्रभाव संवाददाता



**सिद्धार्थनगर–** गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई तत्काल पूर्ण क्षमतामा सञ्चालनमा ल्याउन रूपन्देहीका उद्योगी-व्यवसायीले माग गरेका छन्।

रूपन्देहीको भैरहवास्थित उक्त विमानस्थल निर्माण सम्पन्न भएको लामो समय बितिसक्दा पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन। पर्यटन क्षेत्रमा झण्डै रु एक खर्बभन्दा बढी लगानी भइसकेको भए पनि अपेक्षित परिणाम नआउँदा लगानी जोखिममा पर्ने अवस्था सिर्जना भएको पर्यटन व्यवसायी अमित गुप्ताले बताए।

लुम्बिनी, देवदह, रामग्राम, तिलौराकोट तथा रोहिणी नदी आसपासका क्षेत्र ऐतिहासिक, धार्मिक र बौद्ध सभ्यतासँग जोडिएका महत्वपूर्ण गन्तव्य हुन्। ती क्षेत्रको प्रवर्द्धनमा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको भए पनि पर्यटन प्रवर्द्धनका लागि प्रभावकारी पहल हुन नसक्दा यस क्षेत्रको पर्यटन प्रवर्द्धन हुन सकेको छैन्।

सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष नेत्रप्रसाद आचार्यले अब गठन हुने नयाँ सरकारले पर्यटन प्रवर्द्धन र विमानस्थल सञ्चालनमा प्रभावकारी भूमिका खेल्ने विश्वास निजी क्षेत्रले लिएको बताए। उनले यो क्षेत्र बौद्ध सभ्यता, इतिहास र धार्मिक पर्यटनको केन्द्रका रूपमा विकसित हुनसक्ने उल्लेख गर्दै गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आए पर्यटन प्रवर्द्धन मात्र होइन समग्र आर्थिक गतिविधिमा परिवर्तन आउने विश्वास व्यक्त गरे।

नेपाल भन्सार एजेन्ट संघ भैरहवाका अध्यक्ष मधुप्रसाद पन्थीले रूपन्देही नेपालकै महत्वपूर्ण औद्योगिक क्षेत्र भएकाले यहाँ उत्पादन हुने वस्तुलाई अन्तरराष्ट्रिय बजारसम्म पुऱ्याउन आवश्यक पूर्वाधार र वातावरण सिर्जना गर्न नयाँ सरकारले विशेष ध्यान दिनुपर्ने बताए। भैरहवा औद्योगिक करिडोरमा उत्पादन हुने वस्तुको निर्यात विस्तार गर्न सके उद्योग क्षेत्र थप सशक्त बन्ने उनले बताए।

विमानस्थल सञ्चालन र नाका व्यवस्थापन प्रभावकारी भए अन्तरराष्ट्रिय व्यापार विस्तारमा सहयोग पुग्ने उनको धारणा रहेको छ। निजी क्षेत्रका प्रतिनिधिका अनुसार स्थिर सरकार गठन भएपछि लगानीमैत्री वातावरण निर्माण, पर्यटन प्रवर्द्धन, उद्योग विस्तार तथा पूर्वाधार विकासमा सरकारले ठोस् पहल गर्ने अपेक्षा गरिएको छ। उनीहरूले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल नियमित सञ्चालनमा आए लुम्बिनी क्षेत्रको पर्यटन विकाससँगै रूपन्देहीको उद्योग-व्यापारमा पनि ऊर्जा थपिने विश्वास व्यक्त गरेका छन्। विमानस्थल सञ्चालन भएपछि यस क्षेत्रको पर्यटन प्रवर्द्धन हुने विश्वास गरिएको छ।

### ‘डेडिकेटेड’ र ‘ट्रंक लाइन’ महसुल विवाद

## उद्योगीको मागदाबी नपुग्ने आयोगको निर्णय

■ प्रभाव संवाददाता

**काठमाडौं–** विद्युत् नियमन आयोगले डेडिकेटेड र ट्रंक लाइन महसुल विवादका सम्बन्धमा उद्योगी व्यवसायीको मागदाबी नपुग्ने निर्णय गरेको छ। आयोगले आइतबार पञ्चकन्या प्लास्टिक र पञ्चकन्या स्टिलको हकमा सुनुवाइ गर्दै मागदावी नपुग्ने निर्णय गरेको हो।

नेपाल विद्युत् प्राधिकरणबाट डेडिकेटेड फिडर तथा ट्रंक लाइनबाट लिएको उपभोक्तालाई बक्यौता विद्युत् महसुल बुझाउने अन्यायपूर्ण निर्णय खारेज गरी क्षतिपूर्ति दिलाइ पाउँ भनी आयोगमा आवेदन दिएका थिए। सो आवेदनमाथि आयोगमा सुनुवाइ भएको थियो।

प्राधिकरणकाअनुसार पञ्चकन्या प्लास्टिकले रु २४ लाख ६३ हजार, पञ्चकन्या स्टिलले रु ५२ लाख ११ हजार बराबरको महसुल तिर्न बाँकी छ। प्राधिकरणको आग्रह बमोजिम पञ्चकन्या प्लास्टिकले रु ७७ हजार ९७५ र पञ्चकन्या स्टिलले रु एक लाख ८६ हजार बराबर महसुल बुझाइसकेको छ।

आयोगका अध्यक्ष रामप्रसाद धितालकाअनुसार उद्योगीको मागदाबी नपुग्ने निर्णय भएको छ। आयोगको निर्णयपछि प्राधिकरणलाई थप महसुल उठाउने मार्ग प्रशस्त भएको छ। आयोगको निर्णय चित्त नबुझेको अवस्थामा व्यवसायी अदालत जान समेत सक्नेछन्। आयोगले निरन्तर रूपमा महसुलका सम्बन्धमा सुनुवाइ गर्दै आएको छ। आयोगले प्रचलित नियम कानुन तथा विगतको नजिरका आधारमा आवश्यक निर्णय गर्दै आएको छ। सुनुवाइका लागि आयोगले आवेदनकर्ताका कानुन व्यवसायी र प्राधिकरणका तर्फबाट कानुन विभागका तीन अधिकारीलाई उपस्थित भएका थिए।

नेपालको ऊर्जा क्षेत्रको नियमनकारी निकायका रूपमा रहेको आयोगले यस क्षेत्रको विवाद निरूपण गर्दै आएको छ । आयोगले दिने निर्णय चित्त नबुझेको खण्डमा मात्रै आवेदकलाई अदालत जाने मार्ग प्रशस्त हुन्छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ